
हाम्रो ठुलीभेरी : राम्रो ठुलीभेरी

# स्थानीय पाठ्यक्रम

## आधारभूत तह (कक्षा १–३)









ठुलीभेरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
जुफाल, डोल्पा

# हाम्रो ठुलीभेरी : राम्रो ठुलीभेरी
# स्थानीय पाठ्यक्रम
# आधारभूत तह (कक्षा १-३)

ठुलीभेरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
जुफाल, डोल्पा
कर्णाली प्रदेश

**२०८०**

**हाम्रो ठुलीभेरी : राम्रो ठुलीभेरी**
**स्थानीय पाठ्यक्रम, आधारभूत तह (कक्षा १-३) २०८०**
**ठुलीभेरी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय, शिक्षा, युवा तथा खेलकुद शाखा**
**जुफाल, डोल्पा**
**सम्पर्क फोनः ०८७-५५१०१५**
**Email: thulibheri@gmail.com**
**Website: http://www.thulibheri.gov.np**

**स्थानीय पाठ्यक्रम सल्लाहकार समिति**

श्री श्वबर्ण कुमार बुढा, नगर प्रमुख
श्री छिरिङ टोल्मा महत, नगर उपप्रमुख
श्री शुकदेब लम्साल, प्रमुख प्रशासकीय अधिकृत
श्री डिल प्रसाद रोकाया, अधिकृत सातौं, शिक्षा, यूवा तथा खेलकुद शाखा
श्री दल बहादुर बस्नेत, इकाइ प्रमुख, शिक्षा विकास तथा समन्वय इकाइ, डोल्पा
श्री शेर बहादुर खत्री, मा.वि. द्वितिय श्री आर्दश मा.वि. जुफाल डोल्पा
श्री कमल बहादुर बुढा, शिक्षा, यूवा तथा खेलकुद शाखा
श्री भिम बहादुर रोकाया, संयोजक, सामाजिक बिकास समिति
श्री शशिकला पाण्डे, परियोजना संयोजक, स्याक नेपाल

**परामर्शदाता**

डोल्पा सर्वाङ्गीण विकास समाज, डोल्पा

**प्राविधिक सहायता**

समाज जागरण केन्द्र (स्याक नेपाल), डोल्पा
प्लान ईन्टरनेस्नल नेपाल (स्टीम अहेड परियोजना)

# हाम्रो भनाई



शिक्षाको विकास विना अन्य विकासको कल्पना गर्नु अर्थपूर्ण नहुन सक्दछ । शिक्षाको विकासलाई पहिलो प्राथमिकतामा राख्दै नगरपालिकाले शिक्षा क्षेत्र सुधारका लागि विभिन्न कार्यक्रमहरु कार्यान्वयन गर्दै आएको अबगत नै छ । नेपालको संविधान २०७२ ले शिक्षा र संस्कृतिको हकलाई पनि मौलिक हकको रुपमा समावेश गरेको सन्दर्भमा भाषा तथा संस्कृति अन्तरगत प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषा प्रयोग गर्ने हक हुने साथै प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो समुदायको सांस्कृतिक जीवनमा सहभागी हुन पाउने हक हुनेछ र नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको सम्बर्द्धन र संरक्षण गर्ने हक हुनेछ भन्ने कुरा उल्लेख गरेको छ । संविधानले नै बिद्यालय तहको शिक्षाको व्यवस्थापकीय अधिकार र कर्तव्य स्थानीय तह अन्तर्गत सूचिकृत गरेको छ ।

विद्यालय शिक्षामा कार्यान्वयनमा रहेको राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले आधारभूत तह (कक्षा १-८) को शिक्षामा स्थानीय पाठ्यक्रमको निर्माण गरी लागु गर्नुपर्ने जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ। स्थानीय ज्ञान, सीप, प्रविधि, कला संस्कृति, सम्पदा, आर्थिक सामाजिक जीवन तथा मूल्य मान्यताहरुको सम्बर्द्धन गर्न र नयाँ पुस्तामा ज्ञान-सीपको हस्तान्तरण गर्न तथा विविध स्थानीय पक्षहरुलाई समेटेर पाठ्यक्रम तयार गरी वालवालिकालाई सहजीकरण गर्दा वालवालिकाले आफ्नो स्थानीय परिवेश सम्बन्धी व्यावहारिक ज्ञान सहज रुपले आर्जन गर्न सक्दछन । यद्यपि राष्ट्रिय पाठ्यक्रमले स्थानीय ज्ञान, सिप र आवश्यकता तथा महत्वका बिषयवस्तुहरुलाई समेट्न नसक्ने अवस्था रहन्छ । यसर्थ स्थानीय विषयवस्तु र क्षेत्रहरुलाई समेटेर स्थानीय आबश्यकता अनुसारको स्थानीय सहभागितामा स्थानीय पाठ्यक्रमको निर्माण र कार्यान्वयन मार्फत बिद्यार्थीहरुले आफ्नो नगरपालिका क्षेत्रको भूगोल, कला संस्कृति, परम्परा तथा मूल्य मान्यता, कृषि, सम्पदा आदिका बारेमा सिक्ने अवसर पाउँदछन् ।

वालवालिकाको समग्र स्थानीय परिवेशका बारेमा सिकाइको लागि तयार पारिएको शैक्षिक प्रक्रियाको समग्र र विस्तृत योजना स्थानीय पाठ्यक्रम भएको र पाठ्यक्रम कार्यान्वयनका लागि शिक्षक तालिम, बिद्यार्थी कार्यपुस्तक, तथा शिक्षक निर्देशिका जस्ता सामग्री आबश्यक हुने भएकाले यस्ता विषयहरुमा पनि नगरपालिकाले ध्यान पुर्‍याउने नै छ । ठुलीभेरी नगरपालिकाकाले पहिलो पटक स्थानीय पाठ्यक्रम तयार गरेको छ । यो पाठ्यक्रम परीक्षणका रुपमा कार्यान्वयन पनि हुनेछ । स्थानीय पाठ्यक्रममा अनगिन्ती स्थानीय विषयवस्तु हुन्छन् यसर्थ यसमा धेरै विषयवस्तुहरू छुटेका हुन सक्छन् । तसर्थ छुटेका वा त्रुटी भएका विषयवस्तुहरूका सम्बन्धमा रचनात्मक सुभाव, सल्लाह दिएर सहयोग गरिदिनु हुन अनुरोध गरिन्छ ।

पाठ्यक्रम कार्यान्वयनको केन्द्रबिन्दुमा रहनु भएका शिक्षक समुदाय, बिद्यालय ब्यवस्थापन समिति, तथा अभिभावक वर्गले यस पाठ्यक्रमको सफलतापूर्वक कार्यान्वयन गर्ने कुरामा हामी विश्वस्त रहेका छौं । अन्त्यममा, यस पाठ्यक्रमको निर्माणमा सहभागी हुने परामर्शदाता संस्था तथा बिषय बिज्ञहरु, कार्यदलका सदस्यहरू स्थानीय विषय बिज्ञहरु, नगर शिक्षा समितिका पदाधिकारीहरु, शिक्षा, युवा तथा खेलकुद शाखाका कर्मचारीहरु, अभिभावकहरु लगायतका प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग गर्नु हुने सम्पूर्ण महानुभावहरु प्रति हार्दिक धन्यबाद ब्यक्त गर्दछु । ठुलीभेरी नगरपालिकाले निर्माण गरेको यस स्थानीय पाठ्यक्रम सम्बन्धमा यहाँहरुको रचनात्मक सल्लाह र सुभावको अपेक्षा गर्दछु । धन्यबाद ।

**श्वबर्ण कुमार बुढा**
नगर प्रमुख

# भाग - १
## स्थानीय पाठ्यक्रमको अवधारणा

**भूमिका**

कुनैपनि निर्दिष्ट सिकाइ उपलब्धि हासिल गर्न तयार पारिएको व्यबस्थित र योजनावद्ध शैक्षिक कार्यक्रमलाई पाठ्यक्रम भनिन्छ। पाठ्यक्रम राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थिति तथा स्थानीय परिवेशको आधारमा तयार गर्ने परम्परा रहेको छ। सम्पूर्ण स्थानीय सरोकारवालाहरु (वालवालिका, अभिभावक, शिक्षासंग सरोकार राख्ने व्यक्ति तथा संस्था आदि) को चाहना, आबश्यकता, रुचि, र सहभागितामा स्थानीय आवश्यकता अनुसारका बिषयबस्तुहरु समावेश गरी निर्माण र कार्यान्वयन हुने पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो। स्थानीय ज्ञान, सिप र प्रविधिलाई समेटी तयार पारिएको पाठ्यक्रमलाई स्थानीय बिद्यालयहरुमा लागु गर्दा लक्षित बालबालिकाहरुले आफू र आफ्नो परिवेश सम्बन्धी शिक्षा बिद्यालयवाटै पाउँदा उनीहरु स्थानीय बिषयबस्तु र सम्भावना सम्बन्धमा जानकार हुने तथा स्थानीय विषयवस्तुका बारेमा अनभिज्ञता हट्ने हुन्छ। वालवालिकाहरुले आफूले आफ्नो नजिकै देखेका, सुनेका र भोगेका तथा आफ्ना अभिभावकहरुले स्थानीय विषयबस्तुमा हासिल गरेका अनुभवहरुबाट छिटो र प्रभावकारी सिकाइ गर्दछन् र विस्तारै अन्य विषयहरुमा पनि सिकाइको दायरा बढाउँदै जान्छन्। वालवालिकाको सिकाइलाई व्याबहारिक ज्ञानसंग तथा व्यवहारकुशल सिपसंग जोड्दै लैजानु पर्दछ। स्थानीय पाठ्यक्रमले यस्ता विषयहरुलाई प्रभावकारी रुपमा लैजान सक्दछ।

केन्द्रीय तहबाट तयार हुने राष्ट्रिय पाठ्यक्रमले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्वका बिषयहरुलाई समेटेको हुन्छ तर स्थानीय बिषयबस्तुहरुलाई समेट्न सकेको हुँदैन। शिक्षा प्रणालीमा स्थानीय बिषयबस्तुलाई समेटिएन भने नागरिकहरुले आफ्नो स्थानीय परिवेश, ज्ञान, सीप, जीवनशैली, आर्थिक सम्भावना र अभ्यासहरु बारेमा औपचारिक रुपमा सिक्न पाउँदैनन्। राष्ट्रिय पाठ्यक्रमले समेट्न नसकेका यस्ता स्थानीय भौगोलिक, सामाजिक, साँकृतिक, आर्थिक पक्षहरु, जीवनोपयोगी सीपहरु, रोजगारी तथा उद्यमशीलता, मातृभाषिक पक्षहरु, जस्ता बिषयहरु पनि बिद्यालय शिक्षामा समावेश गर्नु पर्ने हुन्छ। यही आवश्यकतालाई मध्यनजर गरी नेपाल सरकारले स्थानीय पाठ्यक्रमको अवधारणालाई कार्यान्वयनमा ल्याएको हो। शिक्षा क्षेत्रको सन्तुतिल र समुचित विकासका लागि स्थानीय रुचि, माग, विज्ञता र आबश्यकतालाई सम्बोधन गर्न स्थानीय सरोकारवालाहरुको प्रत्यक्ष सहभागिता आबश्यक रहन्छ। “विश्वव्यापी सोच, स्थानीय अभ्यास” भन्ने सैद्धान्तिक र व्यवहारिक मान्तयताका आधारमा स्थानीय पाठ्यक्रमको विकास गरिन्छ। लक्षित वर्ग र समुदायको आबश्यकता सम्बोधन गर्नका लागि स्थानीय सरोकारवाला, स्थानीय स्रोत साधन र स्थानीय विज्ञतालाई उपयोग गर्दै स्थानीय पाठ्यक्रमको विकास र कार्यान्वयन गर्नु पर्दछ। नेपालको बदलिएको संघीय संरचना बमोजिम माध्यमिक तहसम्मको शिक्षाको अधिकार संविधानत स्थानीय तहको भएकाले स्थानीय तहले आफ्नो स्थानीय परिवेश र स्थानीय आबश्यकता को जगमा स्थानीय पाठ्यक्रमको निर्माण गर्न सक्ने प्रावधान रहेको छ। यस प्रक्रियामा अभिभावक, स्थानीय समुदायमा रहेका विभिन्न पेशामा आवद्ध व्यक्ति, विभिन्न सामाजिक संस्थामा आवद्ध व्यक्ति, बिद्यालय, विद्यालय व्यबस्थापन समिति, शिक्षक अभिभावक संघको महत्वपूर्ण भूमिका हुन्छ।

स्थानीय पाठ्यक्रमको अवधारणाका केही सैद्धान्तिक आधारहरू पनि रहेका छन्। पहिलो आधार हो स्थानमा आधारित शिक्षाको सिद्धान्त (Place–based Education Theory)। यस सिद्धान्तअनुसार स्थानीय समुदायलाई स्थानीय वातावरण तथा जनजीवनको संरक्षण र बिकासको लागि स्थानीय पाठ्यक्रमको आवश्यकता हुन्छ। दोस्रो आधार सामाजिक पुनसंरचनाबादी सिद्धान्त (Social Reconstruttivism Theory) हो। यस सिद्धान्तले स्थानीय सामाजिक आवश्यकता, सामाजिक मुद्दाहरु, समसामयिक बिचार र भविष्यपरक आशाहरु पाठ्यक्रममा समावेश भएमा समाज बिकासमा महत्वपूर्ण टेवा पुग्छ भन्ने कुरालाई जोड दिएको छ। तेस्रो शिद्धान्त शैक्षिक विकेन्द्रीकरणको सिद्धान्त (Decentralized theory) हो। यस अनुसार स्थानीय आवश्यकता समेट्ने गरी स्थानीय स्तरमा नै पाठ्यक्रम बनाई कार्यान्वयन गरिन्छ। स्थानीय

पाठ्यक्रम स्थान बिशेषको भौगोलिक, सामाजिक, साँस्कृतिक, धार्मिक, भाषिक, पेशागत तथा आर्थिक क्रियाकलापहरुमा आधारित हुन्छ । स्थानीय पाठ्यक्रमले यिनै पक्षहरुलाई उजागर गर्दै स्थानीय ज्ञान र सीपलाई औपचारिक शिक्षामा समावेश गर्ने कार्य गर्न सहयोग पुऱ्याउँछ ।

यसै सन्दर्भमा यस ठुलीभेरी नगरपालिकाले पनि स्थानीय पाठ्यक्रम तयार गरेको छ । ठुलीभेरी नगरपालिका अन्तर्गतका विद्यालयमा अध्ययनरत वालवालिकाले ठुलीभेरी नगरपालिका भित्रकै विविध स्थानिय परिवेश, अभ्यास तथा अनुभवहरुका बारेमा जानकारी पाउन सकून् भन्ने उदेश्य अनुरुप यो स्थानीय पाठ्यक्रम तयार पारिएको हो । यस पाठ्यक्रमको मुख्य उद्देश्य ठुलीभेरी नगरपालिकाको बिद्यालयहरुमा अध्ययन गर्ने बालबालिकाहरुलाई स्थानीय भूगोल, सामाजिक क्रियाकलाप, कला, संस्कृति, रीतिरिवाज र अन्य स्थानीय बिषयहरु सम्बन्धमा जानकारी गराउने रहेको छ । स्थानीय पाठ्यक्रमका उदेश्यहरु देहाय अनुसार रहेका छन :

- स्थानीय कला, संस्कृति र मूल्य मान्यताको संरक्षण र सम्वर्द्धन गर्न सहयोग गर्नु ।
- सामाजिक, सांस्कृतिक, प्राकृतिक बिबिधता र वातावरणको सचेतना अभिबृद्धि गर्नु ।
- बालबालिकाको शारीरिक, बौद्धिक, आध्यात्मिक र सास्कृतिक पक्षको बिकास गर्दै उनीहरुलाई जिम्मेवारी बोध गर्ने अवसर सिर्जना गर्नु ।
- दैनिक जीवनमा आवश्यक पर्ने जीवनोपयोगी सीपहरुको बिकास गर्नु ।
- स्थानीय क्षेत्रको ब्यवसाय पेशा एवं रोजगारीको जानकारी गर्दै जगेर्ना र बिकास गर्न सहयोग गर्नु ।

स्थानीय विषय स्वभावले नै स्थानीय सरोकारवालाहरुको सहभागितामा स्थानीय आवश्यकतालाई मुख्य आधार बनाएर तयार गरिने पाठ्यक्रम हो । यो स्थानीय परिवेश सापेक्ष हुन्छ । राष्ट्रिय पाठ्यक्रममा नसमेटिएका स्थानीय सरोकारका विषयवस्तुहरु समेटेर तयार गरिने स्थानीय पाठ्यक्रमका केही आधारभूत पक्षहरु हुन्छन् । स्थानीय पाठ्यक्रमका आधारभूत पक्षहरुलाई निम्नानुसार उल्लेख गर्नु सान्दर्भिक हुनेछ ।

### क) आधारभूत आवश्यकता

स्थानीय पाठ्यक्रमले स्थानीय परिवेश र स्थानीय आवश्यकताका मुलभूत पक्षलाई आत्मसात गर्न सक्नुपर्दछ । सोझो अर्थमा स्थानीय पाठ्यक्रमले स्थानीय आवश्यकताको प्रतिनिधित्व गर्न सक्नु पर्दछ । स्थानीय आवश्यकताको पहिचान गर्ने कार्य स्थानीय सरोकारवालाहरुकै भएकोले स्थानीय सरोकारवालाहरुको सार्थक सहभागितामा मात्र स्थानीय पाठ्यक्रम निर्माण गर्न सकिन्छ । यो कुनै कोठामा बसेर विज्ञता ओकल्ने प्रक्रिया होइन । यो त स्थानीय सरोकारवालाहरुको चाहना, आवश्यकता र रुचिको आधारमा स्थानीय विषयवस्तु समेटेर तयार गरी ने पाठ्यक्रम हो । स्थानीय समुदायको आर्थिक, सामाजिक र सांस्कृतिक समुन्नतिका लागि अवसरहरु पहिचान र परिचालन गर्ने माध्यमको रुपमा पनि स्थानीय पाठ्यक्रमलाई अर्थ्याउन सकिन्छ । यस अर्थमा पनि स्थानीय आवश्यकताको पहिचान स्थानीय पाठ्यक्रमको आधारभूत पक्ष हो भन्न सकिन्छ ।

### ख) स्थानीय विषयवस्तु

स्थानीय पाठ्यक्रमको अर्को आधारभूत पक्ष भनेको स्थानीय स्तरको विषयवस्तु हो । स्थानीय विषयवस्तुको पाठ्यक्रम स्थानीय परिवेश सापेक्ष हुनुपर्छ । स्थानीय समुदायमा आधारित, स्थानीय परिवेशमा आधारित ज्ञान, सिप, प्रविधि, अवधारणा, मूल्य मान्यता र स्थानीय स्रोत-साधन तथा भौगोलिक, सांस्कृतिक, प्राकृतिक, जातिगत, भाषिक, कला, कौशल जस्ता विषयवस्तुहरु नै स्थानीय पाठ्यक्रमका विषयवस्तुहरु हुन् ।

### ग) स्थानीय सहभागिता र विज्ञता

स्थानीय पाठ्यक्रमको अर्को महत्वपूर्ण आधारभूत पक्ष भनेको स्थानीय सहभागिता र विज्ञता पनि हो । स्थानीय परिवेशलाई स्थानीय सरोकारवालाहरुले नै सही ढंगले बुझ्न सक्छन् । स्थानीय पाठ्यक्रमको निर्माण, विकास र कार्यान्वयनमा स्थानीय

समुदायमा रहेका व्यक्तिहरु र स्थानीय विज्ञ व्यक्तिहरुको संलग्नता बाञ्छनीय हुन्छ । यसमा स्थानीय विज्ञताको समुचित कदर गरिन्छ । किनपनि भने स्थानीय विज्ञताले स्थानीय परिवेशलाई सहजरुपमा पहिचान गरेको हुन्छ । आत्मसात गर्न सक्छ । पाठ्यक्रम निर्माण र लेखन गर्ने काम एक प्राविधिक काम भएकोले पनि स्थानीय विज्ञहरुलाई समेट्न आवश्यक हुन्छ । पाठ्यक्रमका लागि चाहिने स्रोत, साधन, सूचना र सन्दर्भ ग्रन्थहरुको संकलन, विश्लेषण र ती पक्षहरुलाई पाठ्यक्रममा समेट्ने दक्षताको कमी भयो भने स्थानीय पाठ्यक्रमले सही विषयवस्तु समावेश गर्न सक्दैन । यस अर्थमा पनि स्थानीय सहभागिता र विज्ञतालाई स्थानीय पाठ्यक्रमको आधारभूत पक्ष मानिएको हो ।

**स्थानीय पाठ्यक्रमको विशेषताः**

स्थानीय पाठ्यक्रम प्रारुप २०७१ ले स्थानीय पाठ्यक्रमको विशेषता एवम् महत्वलाई निम्न बुँदाहरूमा समेटेको देखिन्छ ।

- स्थानीय पाठ्यक्रमले स्थानीय आवश्यकताको परिपूर्ति गर्छ र यो स्थानीय मागमा आधारित हुन्छ ।
- स्थानीय पाठ्यक्रमले स्थानीय स्रोत, साधन र विज्ञताको उपयोग गर्छ ।
- स्थानीय पाठ्यक्रमले स्थानीय स्तरमा नै सिक्ने र सिकाउनेको सहभागिताको सुनिश्चितता गर्छ ।
- स्थानीय पाठ्यक्रमले अपनत्वको भावनाको विकास गराउँछ ।
- स्थानीय पाठ्यक्रमले स्थानीय स्तरमा रहेका सरोकारवालाको क्षमता अभिवृद्धि गर्छ ।
- स्थानीय पाठ्यक्रमले रोजगार तथा स्वरोजगारको सिर्जना गर्न मद्दत गर्छ ।
- यसले सैद्धान्तिक भन्दा व्यावहारिक पक्षमा जोड दिन्छ ।
- यसको शिक्षाण सिकाइमा विद्यार्थी केन्द्रित र प्रयोगात्मक विधिमा जोड दिइन्छ ।

**स्थानीय पाठ्यक्रम सम्बन्धमा भएको व्यवस्थाः**

शिक्षाको आधारभूत तहमा स्थानीय पाठ्यक्रमको अवधारणालाई प्रोत्साहित गर्ने तथा लागु गर्ने सम्बन्धमा विभिन्न व्यवस्था रहेका छन् । नेपालको संबिधान २०७२ को भाग ३ मा मौलिक हक अन्तर्गत धारा ३२ मा भाषा तथा सँस्कृतिको हकको व्यवस्था गरिएको छ । धारा ३२ को उपधारा २ मा प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो समुदायको साँस्कृतिक जीवनमा सहभागी हुन पाउने हकको व्यवस्था छ । त्यस्तै उपधारा ३ मा प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा लिपि संस्कृति सांस्कृतिक सभ्यता र सम्पदाको सम्बर्द्धन र संरक्षण गर्ने हकको व्यवस्था रहेको छ । यस कारण यस व्यवस्थालाई कार्यान्वयन गर्नको लागि बिद्यालय तहमा स्थानीय पाठ्यक्रम निर्माण गरी पाठ्यक्रममा स्थानीय समुदायमा रहेका भाषा, लिपि, संस्कृति, सभ्यता र सम्पदाहरुलाई संरक्षण तथा सम्वर्द्धन गर्नको लागि नागरी कहरुमा ज्ञान, सिप र प्रबिधिको बिकास गर्न जरुरी देखिन्छ । यसको लागि उक्त बिषयबस्तु समाबेश गरी बिद्यालयमा स्थानीय पाठ्यक्रम तर्जुमा तथा कार्यान्वयन एक महत्वपूर्ण माध्यमको रुपमा रहेको छ । यसै गरी नेपालको पन्ध्रौं आवधिक योजनाको अवधारणापत्र (२०७६/७७ - २०७९/८०) ले मानव संसाधन, पूर्वाधार र प्रबिधि बिकास र जीवनोपयोगी ज्ञान सीपमा आधारित पाठ्यक्रम लागु गरी सबै तहको शिक्षामा गुणस्तर बिकास गर्ने रणनीति लिएको छ । यसको लागि बिद्यालय शिक्षाको पाठ्यक्रम र पाठ्यपुस्तक समयानुकूल परिमार्जन गरी लागु गर्नु पर्ने बारेमा निर्देश गरेको छ। आधारभूत तहको कक्षा १ देखि ३ सम्म एकीकृत पाठ्यक्रम कार्यान्वयन गर्ने र शिक्षण सिकाइको लागि आवश्यकतानुसार माध्यम भाषाको रुपमा मातृभाषा वा स्थानीय भाषा वा नेपाली भाषा प्रयोग गर्ने व्यवस्था मिलाउने तथा तोकिएको मापदण्ड अनुसार बिद्यालय तहमा स्थानीय पाठ्यक्रम तथा पाठ्यसामाग्री स्थानीय तहवाट बिकास गरी लागु गर्ने सम्बन्धमा कार्यनीतिमा उल्लेख गरिएको छ ।

त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (ज) (४) मा मातृभाषामा शिक्षा दिने बिद्यालयको अनुमति अनुगमन र नियमन सम्बन्धी व्यवस्था गरी स्थानीय पाठ्यक्रमको कार्यान्वयनलाई जोड दिएको छ। उक्त ऐनको दफा ११ (ज) (१८) मा स्थानीय स्तरको शैक्षिक ज्ञान, सिप र प्रबिधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण गर्ने ब्यवस्था गरेको छ ।

राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ ले शिक्षालाई स्थानीय आवश्यकता सान्दर्भिक र व्यवहारिक बनाउनु पर्ने

आवश्यकता औंल्याउँदै बिद्यालय वा समुदायलाई स्थानीय पाठ्यक्रम र सोको स्थानीय पाठ्यसामाग्री तयार गरी लागु गर्नु पर्ने सुझाव दिएको छ । त्यस्तै स्थानीय पाठ्यक्रम सम्बन्धमा राष्ट्रिय पाठ्यक्रम प्रारुप २०६२, प्राथमिक शिक्षा पाठ्यक्रम २०६२, आधारभूत तह (कक्षा ६ - ८) पाठ्यक्रम २०६९ ले मातृभाषा तथा स्थानीय बिषयको पाठ्यक्रम र पाठ्य सामाग्री आफैले निर्माण गरी लागु गर्ने बारेमा निर्देश गरेको थियो ।

राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ मा स्थानीय पाठ्यक्रमको लागि कक्षा १ - ३ सम्म ५ पाठ्यघण्टा अर्थात बार्षिक १६० घण्टा र कक्षा ४ - ८ को लागि ४ पाठ्यघण्टा अर्थात बार्षिक १२८ घण्टा समय छुट्याएको छ । आधारभूत तह (कक्षा १ - ३) को पाठ्यक्रम २०७६ ले मातृभाषा तथा स्थानीय ज्ञान सिप र प्रबिधिमा आधारित स्थानीय विषयको पाठ्यक्रम र पाठ्यसामग्री विद्यालयले स्थानीय तहको सहयोग र समन्वयमा स्थानीय विज्ञ तथा अभिभावकको संलग्नतामा निर्माण तथा कार्यान्वयन गर्नुपर्ने व्यवस्था गरेको छ। आधारभूत तह कक्षा १ - ३ को कूल पाठ्यभार २६ पाठ्यघण्टा मध्ये स्थानीय पाठ्यक्रमलाई ५ पाठ्यघण्टा अर्थात बार्षिक १६० कार्यघण्टा छुट्याएको छ। स्थानीय पाठ्यक्रम बि.स. २०७७ सालदेखि कक्षा १ मा कार्यान्वयन प्रारम्भ भई ४ बर्षमा कक्षा ८ सम्मका सबै कक्षाहरुमा कार्यान्वयन हुने व्यवस्था रहेको छ ।

# भाग - २
## ठुलीभेरी नगरपालिकाको स्थानीय पाठ्यक्रम

यस ठुलीभेरी नगरपालिका डोल्पा भित्रका विभिन्न विद्यालयमा अध्ययनरत बालबालिकाहरूलाई आफ्नो नगरपालिका अन्तर्गतका सामाजिक, आर्थिक, भौगोलिक, साँस्कृतिक एवम् मौलिक विशेषताहरूका सम्बन्धमा सुसूचित गराई तिनको संरक्षण र सम्वर्द्धनमा सरिक गराउनका लागि "**हाम्रो ठुलीभेरी : राम्रो ठुलीभेरी**" नामक स्थानीय पाठ्यक्रम तयार पारिएको छ। यो पाठ्यक्रम ठुलीभेरी नगरपालिका भित्रका आधारभूत तह कक्षा १ देखि ३ सम्मको लागि तयार पारिएको छ। यस पाठ्यक्रममा राष्ट्रिय पाठ्यक्रमले समेट्न नसकेका स्थानीय बिषयबस्तुहरुलाई समेट्ने प्रयास गरिएको छ।

यो स्थानीय पाठ्यक्रम सामुदायिक तथा संस्थागत दुबै किसिमका बिद्यालयहरुमा तोकिएको कक्षामा लागु हुनेछ। यस पाठ्यक्रमको शिक्षण सिकाइमा सामान्यतः नेपाली भाषा प्रयोग गर्नुपर्नेछ। तथापि बिद्यालयले आफ्नो अनुकूलतामा स्थानीय समुदायको मातृभाषामा पनि शिक्षण गर्न सक्नेछन्। बिद्यार्थी कार्यपुस्तक तथा शिक्षक निर्देशिकाको विकास भैनसकेको अवस्थामा पनि बिद्यालयले यो पाठ्यक्रम लागु गर्न सहज होस् भनेर सहायताको लागि अनुसूची र सिकाइ क्रियाकलापको व्यवस्था गरिएको छ। यो पाठ्यक्रम सफल कार्यान्वयनको लागि नगरपालिकाले शिक्षक तालिमको ब्यवस्था, बिद्यार्थी कार्यपुस्तक र शिक्षक निर्दशिकाको प्रबन्ध गर्दै जानेछ।

स्थानीय ज्ञान, सिप, प्रविधि, मूल्य मान्यता, संस्कार, सभ्यता र संस्कृति प्रति सुसूचित गराउँदै बालबालिकाहरुलाई स्थानीय स्रोत-साधनको पहिचान र परिचालन गर्न सहयोग पुगोस् भन्ने उद्देश्यले पनि यो पाठ्यक्रम तयार गरिएको हो। बालबालिकाहरुलाई स्थानीय ज्ञान, सिप र प्रविधिलाई उपयोग गर्दै आत्मनिर्भर हुन र जीविकोपार्जनमा सहयोग पुग्ने अपेक्षाका साथ निर्माण गरिएको यस पाठ्यक्रमले ठुलीभेरी नगरपालिका र डोल्पा जिल्लाको प्रमुख बस्तुस्थितिको बारेमा समुचित जानकारी समेत दिनेछ।

पाठ्यक्रमलाई समय सापेक्ष ज्ञान, सिप र प्रबिधिसंग जोडेर लैजानको लागि आवश्यकता अनुसार परिमार्जन र परिस्कृत गरिनेछ। नगरपालिका भित्रका बिद्यालयहरुमा कार्यान्वयनको क्रममा देखिएका त्रुटी तथा बिषयबस्तुहरु छुटेको पाइएमा परिमार्जनका क्रममा समावेश गर्दै लगिनेछ। पाठ्यक्रममा भएका कमी कमजोरीहरुलाई हटाउँदै जाने कार्य निरन्तर रुपमा चलिरहनेछ।

**यस पाठ्यक्रममा निम्न लिखित क्षेत्रहरु समेटिएका छन्।**

१. नगरपालिकाको परिचय
२. नगरपालिकाको प्राकृतिक सम्पदाहरु र पर्यटन
३. नगरपालिकाको धार्मिक र सांस्कृतिक सम्पदाहरु
४. कृषि पशुपालन तथा जीविकोपार्जन
५. साहित्य तथा कला
६. स्थानीय पेशा (रैथाने) व्यवसाय तथा आयआर्जन
७. स्वास्थ्य, खानपिन तथा सरसफाइ
८. विपत् व्यवस्थापन र सुरक्षित विद्यालय
९. हाम्रा चाडपर्वहरु

**तहगत सक्षमता**

आधारभूत तह कक्षा १-३ का बालबालिकाहरुले "हाम्रो ठुलीभेरी" नामक स्थानीय पाठ्यक्रमको कार्यान्वयन पश्चात देहायका तहगत सक्षमता हासिल गर्नेछन् :

१. ठुलीभेरी नगरपालिकाको बारेमा सामान्य जानकारी हासिल तथा प्रस्तुति ।

२. ठुलीभेरी नगरपालिकाका प्राकृतिक, धार्मिक सांस्कृतिक तथा पर्यटकीय सम्पदामा परिचत हुन र संरक्षण र सम्वर्द्धनमा सहभागी हुन ।

३. स्थानीय स्तरमा गरिने कृषि तथा पशुपन्छी पालन व्यावसाय तथा जीविकोपार्जन सम्बन्धी ज्ञान र सिप हासिल गर्न ।

४. आफ्नो परिवेशसंग परिचित भई स्थानीय कला, संस्कृति, चाडपर्व भेषभूषा, जातजाति, धर्म बारे जानकार हुन र प्रयोग गर्न ।

५. स्थानीय खानपिन, स्वास्थ्य तथा सरसफाइको बारेमा जानकारी हासिल गर्न, तन्दुरुस्ती र स्वस्थकर बानीको विकास गर्न र व्यावहारिक सिप सिक्न ।

६. थानीय पेशा (रैथाने) व्यवसाय तथा आयआर्जनका क्रियाकलापसंग परिचित हुन र सिप आर्जन गर्न ।

७. आफ्नो वरपरका विपत सम्बन्धी घटनाहरुबाट परिचित हुन र विपतबाट बच्ने उपायहरु अबलम्बन गर्न ।

**बार्षिक पाठ्य घण्टा :**

कक्षा १ देखि ३ सम्मको बिषय क्षेत्रगत वार्षिक पाठ्यघण्टा यस प्रकार रहेको छ ।

| क्र.सं. | विषय क्षेत्र | बार्षिक पाठ्यघण्टा |
|---|---|---|
| १ | नगरपालिकाको परिचय | १० |
| २ | हाम्रो प्राकृतिक सम्पदाहरु र पर्यटन | १५ |
| ३ | हाम्रो धार्मिक र सांस्कृतिक सम्पदाहरु | १५ |
| ४ | कृषि पशुपालन तथा जीविकोपार्जन | ३० |
| ५ | भाष, साहित्य, संस्कृति र कला | २५ |
| ६ | स्थानीय पेशा (रैथाने) व्यवसाय तथा आयआर्जन | २० |
| ७ | स्वास्थ्य, खानपिन तथा सरसफाइ | १५ |
| ८ | विपत् व्यवस्थापनमा र सुरक्षित विद्यालय | १५ |
| ९ | हाम्रा चाडपर्वहरु | १५ |
| | **जम्मा** | १६० |

## विषयवस्तुको क्षेत्र र क्रम

यस पाठ्यक्रममा आधारभूत तह कक्षा १ देखि ३ सम्मको कक्षागत विषयवस्तुको क्षेत्र र क्रम यस प्रकार रहेको छ ।

## विषयवस्तुको क्षेत्र र क्रम

यस पाठ्यक्रममा आधारभूत तह कक्षा १ देखि ३ सम्मको कक्षागत विषयवस्तुको क्षेत्र र क्रम यसप्रकार रहेको छ ।

| विषय क्षेत्र | विषयवस्तु | | |
|---|---|---|---|
| | कक्षा १ | कक्षा २ | कक्षा ३ |
| १. ठुलीभेरी नगरपालिकाको परिचय<br><br>(१० कार्यघण्टा) | • नगरपालिकाको नाम, आफू बसेको ठाउँको वडा नंम्बर, विद्यालय नजिकको मुख्य विशेषता बताउन<br>• वडा अध्यक्षको नाम र पहिचान | • नगरपालिकाको नाम, आफू बसेको ठाउँको वडा नंम्बर, वडाको मुख्य विशेषता बताउन<br>• वडाको नक्सा, सिमाना<br>• नगर प्रमुख र उपप्रमुखको नाम र पहिचान | • नगरपालिकाको मुख्य विशेषता, सिमाना र वडा सङ्ख्या, भन्न<br>• नगरपालिकाको वडा सहितको नक्सा र सिमाना |
| २. हाम्रो प्राकृतिक सम्पदा र पर्यटन<br><br>(१५ कार्यघण्टा) | • विद्यार्थीको समुदायमा रहेका प्राकृतिक सम्पदा (हिमाल, झरना, नदी खोला, डाँडा, ताल ) को पहिचान<br>• विद्यालय बाहिरको प्राकृतिक सम्पदाको पहिचान | • विद्यार्थीको वडामा रहेका प्राकृतिक सम्पदा (वन, खोला, डाँडा, ताल)<br>• वडामा रहेका मुख्य पर्यटकीय क्षेत्र को बारेमा भन्न र थाहा पाउन | • नगरपालिकामा रहेका मुख्य पाँच प्राकृतिक सम्पदा (हिमाल, नदी, खोला, डाँडा, झरना, ताल)<br>• आफ्नो वडाको प्राकृतिक सम्पदाको अवलोकन<br>• आफ्नो वडाको पर्यटकीय क्षेत्रको पहिचान र अवलोकन |
| ३. हाम्रो धार्मिक र सांस्कृतिक सम्पदाहरु<br><br>(१५ कार्यघण्टा) | • विद्यार्थीको समुदायमा रहेका धार्मिक तथा सांस्कृतिक सम्पदा (मठ, मन्दिर, गुम्वा, मण्डली, पाटी, चौतारो, धार्मिक क्षेत्रको पहिचान)<br>• बिद्यालय नजिक रहेका धार्मिक तथा सांस्कृतिक सम्पदा (परम्परागत बाजा, जस्तै दामाहा, सैनी, भुकुरको अवलोकन | • विद्यार्थीको वडामा रहेका धार्मिक तथा सांस्कृतिक सम्पदा (मठ, मन्दिर, पाटी, चौतारो, बाजा, गाजा, पुराना सामग्री)<br>• आफ्नो सुमदायमा रहेका धार्मिक तथा सांस्कृतिक सम्पदाको अवलोकन र पहिचान जस्तै दामाहा, सैनी, भुकुरको अवलोकन | •नगरपालिकामा रहेका मुख्य पाँच धार्मिक तथा सांसकृतिक सम्पदा र तिनको संरक्षण (मठ, मन्दिर, पाटी, पुराना महत्वका सम्पदा, )<br>•आफ्नो वडाको धार्मिक सास्कृतिक सम्पदाको अवलोकन, पहिचान र वर्णन (दामाहा, सैनी, भुकुर आदि अवलोकन) |
| ४.कृषि, पशुपालन र जीविकोपार्जन<br><br>(३० कार्यघण्टा) | • आफ्नो घर- खेतका बालीहरुको नाम बताउन,<br>• स्थानीय फलफूल पहिचान गर्न,<br>• वरपर पाइने तरकारीको नाम भन्न,<br>• घरेलु पशुपन्छी चिन्न,<br>• आफ्नो घरका सदस्यहरुको पेशा बताउन | • स्थानीय प्रमुख अन्नबाली पहिचान गर्न,<br>• वरपरका फलफूल तरकारी चिन्न<br>• आफ्नो वरपरका घरपालुवा जनावर र पशुपन्छी पहिचान गर्न,<br>• छरछिमेकको पेशा, व्यावसाय पहिचान गर्न,<br>• पेशामा गरिने मुख्य कामहरु बताउन, | • नगरपालिकामा उत्पादन हुने प्रमुख अन्नबालीहरुको पहिचान गर्न,<br>• स्थानीय कृषि, उद्योग, व्यापार र अरु पेशासंग परिचित हुन,<br>• स्थानीय फलफूल तरकारी, पशुपन्छीसंग परिचित हुन, |

| विषय क्षेत्र | विषयवस्तु | | |
|---|---|---|---|
| | कक्षा १ | कक्षा २ | कक्षा ३ |
| ५. भाषा साहित्य, संस्कृति र कला<br>(२५ कार्यघण्टा) | • विद्यार्थीको समुदायमा बोलिने प्रचलित भाषाका नामहरु भन्न<br>• समुदायका स्थानीय रैथाने नाचगानका नामहरु बताउन<br>• सुमदायका स्थानीय पोशाकका नामहरु बताउन र चिन्न<br>• समुदायका स्थानीय रैथाने गीत संगितको नाम भन्न | • विद्यार्थीको समुदाय र आसपासमा प्रचलित भाषाका नामहरु भन्न<br>• समुदाय र आसपासका रैथाने नाचगानका बारेमा थाहा पाउन ।<br>• समुदाय र आसपासका मानिसहरुले लगाउने पोशाकका बारेमा थाहा पाउन ।<br>• समुदाय र आसपासका क्षेत्रमा चलनमा रहेका गीत, संगितको बारमे थाहा पाउन । | • नगरपालिकामा प्रचलित विभिन्न भाषाको परिचय र पृष्ठभूमि थाहा पाउन ।<br>• नगरपालिका भित्रका समुदायका मुख्य रैथाने नाचगानहरुका बारेमा थाहा पाउन ।<br>• नगरपालिका भित्रका प्रमुख रैथाने गीत संगित, कथाहरुका बारेमा थाहा पाउन । |
| ६. स्थानीय (रैथाने पेशा), सिप र प्रविधि<br>(२० कार्यघण्टा) | • आफ्ना घर छिमेकमा प्रयोग हुने स्थानीय प्रविधिहरु चिन्न,<br>• स्थानीय प्रविधिबाट निर्मित घरेलु सामग्री र उत्पादन चिन्न र प्रयोग गर्न,<br>(जस्तै पानी घट्ट, आरान, डोको नाम्लो बुन्ने, राडी पाखी बनाउने) | • स्थानीय (रैथाने सिप र प्रविधिसंग परिचित हुन,<br>• स्थानीय प्रविधिबाट निर्मित घरेलु सामग्री र उत्पादन को नाम र प्रयोग बारे बताउन<br>(जस्तै पानी घट्ट, आरान, डोको नाम्लो बुन्ने, राडी पाखीसंग परिचति हुन र काम बताउन) | • स्थानीय स्रोत, साधन र प्रविधि र सिपको प्रयोगबाट निर्माण गर्न सकिने सामग्रीहरुको पहिचान गर्न,<br>• रैथाने प्रविधिबाट निर्मित घरेलु सामग्रीहरुको आवश्यकता र महत्व बुझ्न,<br>रैथाने सिप र प्रविधिको उपयोग गर्न, |
| ७. स्वास्थ्य, खानपिन तथा सरसफाइ<br>(१५ कार्यघण्टा) | • घरमा निर्मित स्थानीय खाना र खाजाको नाम बताउन ।<br>• व्यक्तिगत सरसफाइ गर्न, | • घरमा निर्मित तथा स्थानीय अन्नबाली, फलफूल र तरकारीबाट आफ्नै घरमा निर्मित खाना, खाजाको उपयोग गर्न,<br>• व्यक्तिगत सरसफाइ तथा आफ्नो कोठा र घरको सरसफाइ गर्न, | • जंकफुडको पहिचान र यसले स्वास्थ्यमा पार्ने नकारात्मक प्रभावबारे सचेत हुन,<br>• स्थानीयरुपमा निर्मित खाना, खाजा र पेय पदार्थ चिन्न प्रयोग गर्न,<br>• स्वस्थ रहन योग, ध्यान, उपसाना गर्न,<br>• घर, विद्यालय, भान्सा र शौचालयको सरसफाइ गर्न, |
| ८. विपत व्यवस्थापन र सुरक्षित विद्यालय<br>(१५ कार्यघण्टा) | • घर तथा विद्यालय वरपर घटेका प्राकृतिक र मानव सिर्जित विपत हरुको नाम बताउन,<br>• विपतबाट सुरक्षित हुने उपाय अवलम्बन गर्न, | • आफू बसेको क्षेत्रमा हुने विपतहरु घट्न सक्ने समयको आँकलन गर्न,<br>• आफू सुरक्षित हुन,<br>• विपत को असरबारे बुझ्न | • आफू बसेको क्षेत्रमा हुने विपतका कारण पहिचान गर्न,<br>• विपतबाट, सुरक्षित रहने उपायहरु अवलम्बन गर्न,<br>• सुरक्षित वासस्थान र सुरक्षित विद्यालय चिन्न, |
| ९. हाम्रो चाडपर्वहरु<br>(१५ कार्यघण्टा) | • विद्यार्थीको समुदायमा प्रचलित चाडपर्वहरुको बारेमा परिचित हुन र अनुभव वताउन | • विद्यार्थीको समुदाय र आसपासमा प्रचलित चाडपर्वको बारेमा बताउन र अनुभव भन्न | • बिद्यार्थीले वडामा प्रचलित विभिन्न चाडपर्वको बारेमा परिचित हुन र विशेषता थाहा पाउन । |

## कक्षागत क्षेत्र, क्रम, क्रियाकलाप र मूल्याङ्कन प्रक्रिया

## कक्षा १

| विषय क्षेत्र / कार्य घण्टा | सिकाइ उपलब्धि | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|
| १. ठुलीभेरी नगरपालिकाको परिचय<br><br>(१० कार्यघण्टा) | • नगरपालिकाको नाम, आफू बसेको ठाउँको वडा नंम्बर, विद्यालय नजिकको मुख्य विशेषता बताउन<br>• वडा अध्यक्षको नाम र पहिचान | • प्रश्नोत्तर र कुराकानीको माध्यमबाट आफ्नो नगरपालिको तथा आफू बसेको वडा र गाउँको नाम र ठेगाना प्रस्ट्याउने ।<br>• बिद्यालय बाहिरको भूगोल देखाएर भिरालो, समथर, हरियाली, आदि बारे जानकारी गराउने । समुदायको चित्र, फोटो, भिडियो देखाउने ।<br>• वडा अध्यक्षको फोटो प्रदर्शनी तथा प्रत्यक्ष चिनारी गराउने | • प्रश्नोत्तर<br>• अवलोकन<br>• निरन्तर मूल्याङ्कन |
| २. हाम्रो प्राकृतिक सम्पदा र पर्यटन<br><br>(१५ कार्यघण्टा) | • वरपरका प्राकृतिक सम्पदाको नाम भन्न<br>• विद्यार्थीको समुदायमा रहेका प्राकृतिक सम्पदा (हिमाल, झरना, नदी खोला, डाँडा, ताल ) को पहिचान<br>• विद्यालय बाहिरको प्राकृतिक सम्पदाको पहिचान | • विद्यार्थीलाई विद्यालय वरपरका प्राकृतिक सम्पदा अवलोकन गर्न तथा अवलोकन पश्चात बिद्यार्थीसंग छलफल गर्ने ।<br>• विद्यार्थीको समुदायमा रहेका वन, खोला, डाँडा, फाँट आदिको फोटो, भिडियो प्रदर्शन गर्दै र प्रश्नोत्तर गर्दै छलफल गर्ने ।<br>• नजिकको प्राकृतिक सम्पदाको नाम भनेर त्यहाँ गएको छ कि छैन भन्ने प्रश्नहरू गर्दै छलफल गर्ने ।<br>• नजिकको सुरक्षित प्राकृतिक सम्पदाको भ्रमण गराउने ।<br>• रेखाङ्कित चित्र दिएर खोला, वन, पहाड आदिको चित्र बनाउन र रङ भर्न लगाउने । | • अवलोकन भ्रमण गराएर<br>• अनुभव भन्न लगाएर<br>• प्रश्नोत्तर गरेर<br>• प्रोजेक्ट कार्य दिएर<br>• निरन्तर मूल्याङ्कन |
| ३. हाम्रो धार्मिक र सांस्कृतिक सम्पदाहरु<br><br>(१५ कार्यघण्टा) | • वरपर रहेका धार्मिक तथा सांस्कृतिक सम्पदाको नाम भन्न । जस्तै नजिकका मन्दिर, गुम्बा, तिर्थस्थल, बाजागाजा, आदि<br>• विद्यार्थीको समुदायमा रहेका धार्मिक तथा सांस्कृतिक सम्पदा (मठ, मन्दिर, गुम्वा, मण्डली, पाटी, चौतारो, धार्मिक क्षेत्रको पहिचान)<br>• बिद्यालय नजिक रहेका धार्मिक तथा सांस्कृतिक सम्पदा (परम्परागत बाजा, जस्तै दमाहा, सैनी, झुकुरको अवलोकन र परिचित हुन | • सम्भव भए क्षेत्र भ्रमण एवम् अवलोकन गर्न लगाउने,<br>• चार्ट, तालिका या तस्वीर र भिडियो क्लिप्सको प्रयोग गरी सहजीकरण गर्ने ।<br>• आफ्नो नजिक रहेका मठ, मन्दिर गुम्बा वा अन्य धार्मिक, सांस्कृतिक सम्पदाहरु प्रत्यक्ष देखाएर पनि सहजीकरण गर्न सकिन्छ ।<br>• स्थानीय बाजागाजाहरु र ऐतिहासिक सामग्रीहरु देखाएर र वालवालिकाको अनुभव सुनेर<br>• वालवालिकालाई देखेको मठ मन्दिर, बाजागाजा आदिको चित्र कोर्न र भन्न लगाएर<br>• स्थानीय बाजाको सामान्य अभ्यास गर्न लगाउने जस्तै मादल बजाउन, दमाहा बजाउन, झ्याली बजाउन आदि | • अवलोकन भ्रमण गराएर<br>• अनुभव भन्न लगाएर<br>• प्रश्नोत्तर गरेर<br>• प्रोजेक्ट कार्य दिएर निरन्तर मूल्याङ्कन |

| | | | |
|---|---|---|---|
| ४.कृषि, पशुपालन र जीविकोपार्जन<br><br>(३० कार्यघण्टा) | ● आफ्नो घर- खेतका बालीहरुको नाम बताउन,<br>● स्थानीय फलफूल पहिचान गर्न,<br>● वरपर पाइने तरकारीको नाम भन्न,<br>● घरपालुवा पशुपन्छी चिन्न,<br>● आफ्नो घरका सदस्यहरुको पेशा बताउन<br>● बँगैचामा बिरुवा रोप्न, पानी हाल्न र हेरचाह गर्न | ● छलफल, प्रत्यक्ष अवलोकन, प्रदर्शन, स्वतन्त्र क्रियाकलाप आदिको माध्यमले सिकारुलाई अन्नबाली, फलफूलहरुको नाम सिकाउन सकिन्छ ।<br>● घरेलु पशुपन्छी चिनाउन, स्थानीय अन्नबाली तथा तरकारी र फलफूलहरुको नाम सिक्न सिकारुलाई उत्प्रेरित गर्न सकिन्छ ।<br>● प्रत्यक्ष बस्तु वा चित्रको प्रयोग गर्न सकिन्छ ।<br>● वालवालिकालाई बँगैचामा फूल रोप्न लगाएर, पानी हाल्न लगाएर ।<br>● तरकारी बाली, अन्न बालीको प्रत्यक्ष अवलोकन गराएर ।<br>● विभिन्न बालीनाली, पशुवस्तुको चित्रकार्ड, शब्दचित्र, पोष्टर प्रर्दशन गरेर ।<br>● वालवालिकालाई घरमा वा छिमेकमा भएका कृषि उपजको नाम भन्न लगाएर र अनुभव भन्न लगाएर ।<br>● अभिभावकसंग सोध्न लगाएर छलफल गर्ने | ● प्रश्नोत्तर<br>● छलफल<br>● अभिभावकको प्रतिक्रिया र अनुभव<br>● अवलोकन<br>● निरन्तर मूल्याङ्कन<br>● विभिन्न बालीनाली र पशुवस्तुका, चित्र, भिडियो, आदि पहिचान गर्न लागाएर<br>● वालवालिकालाई सामान्य कार्य गर्न लगाएर जस्तै फूल रोप्न लगाएर अवलोकन र सहजीकरणको माध्यमबाट व्यावहारिक परीक्षण गर्ने |
| ५. भाषा साहित्य, संस्कृति र कला<br>(२५ कार्यघण्टा) | ● विद्यार्थीको समुदायमा बोलिने प्रचलित भाषाका नामहरु भन्न र बोल्न<br>● समुदायका स्थानीय रैथाने नाचगानका नामहरु बताउन र अभिनय गर्न<br>● सुमदायका स्थानीय पोशाकका नामहरु बताउन र चिन्न<br>● समुदायका स्थानीय रैथाने गीत संगितको नाम भन्न र गाउन | ● बिद्यार्थीलाई आफ्नो समुदायमा बोलिने भाषाका सामान्य शब्दार्थ उच्चाहरण गर्न लगाउने ।<br>● स्थानीय भाषा र नेपाली भाषाका सामान्य शब्दहरु जस्तै स्थानीय परिकार, सामग्री को नामहरु तुलना गर्न लगाउने जस्तै स्थानीय भाषामा रोटा र नेपाली भाषामा रोटी एउटै हो भन्ने जस्ता सिकाउने ।<br>● स्थानीय पोशाक तथा पहिरनको चित्र, फोटो वा वास्तविक उदाहरण प्रस्तुत गर्ने र बालबालिकालाई नाम भन्न लगउने साथै लिङ्ग अनुसारको पोशाक छुट्टाउन लगाउने ।<br>● स्थानीय पोशाक बालबालिकालाई लगाएर प्रदर्शनी गर्न लगाउने र अनुभव भन्न लगाउने ।<br>● वालवालिकालाई समुदायका नाच, गीतको अभिनय गर्ने र गराउने । भिडियो रेकर्ड देखाएर वा फोटो पदर्शनी गरेर पनि सिकाउन सकिन्छ । | ● छोटा किसिमका प्रश्नोत्तर<br>● छलफल<br>● अभिनय<br>● बिद्यार्थीको कार्य हेरी मूल्याङ्कन गर्ने जस्तै नाच, पोसाक, गीत आदिको व्यावहारिक सिप कति हाँसिल भयो भनेर |
| ६. स्थानीय (रैथाने पेशा), सिप र प्रविधि<br><br>(२० कार्यघण्टा) | ● आफ्ना घर छिमेकमा प्रयोग हुने स्थानीय प्रविधिहरु चिन्न, र नाम भन्न<br>● स्थानीय प्रविधिबाट निर्मित घरेलु सामग्री र उत्पादन चिन्न र प्रयोग गर्न,<br>(जस्तै पानी घट्ट, आरान, डोको नाम्लो बुन्ने, राडी पाखी बनाउने) | ● प्रत्यक्ष अवलोकन, अनुभव साटासाटको माध्यमले स्थानीय प्रविधि जस्तैः ओखल, जातो, पानी घट्ट, आरान, आदि प्रविधिको बारेमा वालवालिकालाई बुझाउने,<br>● घरेलु सामग्रीको बारेमा जानकार बनाउने ।<br>● घरेलु सामग्रीहरु, राडी पाखी, डोको, नाम्लो, कुटो कोदालो (आरानमा बनेको) आदिको बारमो जानकारी गराउन प्रश्नोत्तर, प्रदर्शन, अवलोकन जस्ता सिकाइ सहजीकरणका विधिहरु गराउने ।<br>● नजिकको पानी घट्ट, आराना, चान बुन्ने ठाउँ, आदि अवलोकन गर्न लगाउने (अभिभावको साथ लिन सकिन्छ।)<br>● विभिन्न चित्र, भिडियो, पोष्टर, चित्र र शब्द कार्ड बनाएर प्रयोग गर्न सकिन्छ । | ● अवलोकन भ्रमण गराएर<br>● अनुभव भन्न लगाएर<br>● प्रश्नोत्तर गरेर<br>● प्रोजेक्ट कार्य दिएर निरन्तर मूल्याङ्कन |

| | | | |
|---|---|---|---|
| ७. स्वास्थ्य, खानपिन तथा सरसफाइ<br><br>(१५ कार्यघण्टा) | • घरमा निर्मित स्थानीय खाना र खाजाको नाम बताउन ।<br>• कक्षा कोठामा सरसफाइमा सहभागी हुन<br>• व्यक्तिगत सरसफाइ गर्न, | • घरमा निर्मित, चिनाको भात, ढिडो, मकै, भटमास, असुरो, लगर, मुग्री, ढेसु, आदि प्रत्यक्ष कुराकानीद्धारा नाम बताउन र चिन्न सक्षम बनाउने,<br>• व्यक्तिगत सरसफाइको तौरतरिका विद्यार्थी स्वम्लाई गर्न लगाई अभ्यस्त बनाउने र नियमित चेकजाँच गर्ने जस्तै कपाल काटेको छ छैन, नङ काटेको छ छैन, कपडा सफा लगाएको छ छैन आदि<br>• कक्षाकोठाको सरसफाइमा सहभागी गराउने<br>• स्वस्थ रैथाने खानेकुराहरुको चित्र, चार्ट वा वास्तविक खानेकुरा देखाउने र विद्यालयमा बनाउन सिकाउने | • प्रश्नोत्तर<br>• अवलोकन<br>• निरन्तर मूल्याङ्कन<br>• व्यक्तिगत सरसफाइको अबस्था हेरेर<br>• कक्षाकोठाको सरसफाइमा सहभागि भए नभएको हेरेर |
| ८. विपत व्यवस्थापन र सुरक्षित विद्यालय<br><br>(१५ कार्यघण्टा) | • घर तथा विद्यालय वरपर घटेका प्राकृतिक र मानव सिर्जित विपत हरुको नाम बताउन,<br>• विपत बाट सुरक्षित हुने उपाय थाहा पाउन , | • रोग, हुरी बतास, बाढी, पहिरो, आगलागी लगायतको विपत हरुको बारेमा अवलोकन या छलफल विधिको प्रयोग गरी वालवालिकालाई जानकारी गराउने ।<br>• विपत बाट सुरक्षित हुने तरिकाहरु सिकारुकै संलग्नतामा अभिनय गराउने<br>• विपतका फोटो भिडियोहरु प्रदर्शन गर्ने र वालवालिकाको अनुभव सुन्ने | • अनुभव सुनेर<br>• प्रश्नोत्तर तथा छलफल गरेर<br>• समुह कार्य गरेर |
| ९. हाम्रो चाडपर्वहरु<br><br>(१५ कार्यघण्टा) | • विद्यार्थीको समुदायमा प्रचलित चाडपर्वहरुको बारेमा परिचित हुन र अनुभव वताउन | • आफूले मान्ने चाडपर्वहरु वालवालिकालाई भन्न लगाउने<br>• चाडपर्वहरुको नाम के के रहेछन् भनेर छलफल गर्ने<br>• ती चाडपर्वमा के के गरिन्छ अनुभव भन्ने र भन्न लगाउने | • व्यवहार अवलोकन र<br>• निरन्तर मूल्यांकन |

## कक्षागत क्षेत्र, क्रम , क्रियाकलाप र मूल्याङ्कन प्रक्रिया

## कक्षा २

| विषय क्षेत्र / कार्य घण्टा | सिकाइ उपलब्धि | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|
| १. ठुलीभेरी नगरपालिकाको परिचय<br><br>(१० कार्यघण्टा) | • नगरपालिकाको नाम, आफू बसेको ठाउँको वडा नंम्बर, वडाको मुख्य विशेषता बताउन<br>• वडाको नक्सा, सिमाना<br>• नगर प्रमुख र उपप्रमुखको नाम र पहिचान<br>• वडामा भएका सामुदायिक संस्थाहरुको चिनारी | • आफ्नो वडा कार्यालयको चित्र वा फोटो र वडाको पहिचान जनाउने मुख्य ठाउँको चित्र वा फोटो वा भिडियो प्रदर्शन गर्दै वडाको सामान्य जानकारी गराउने ।<br>• नगर प्रमुख र उपप्रमुखको फोटो प्रदर्शन गरी परिचय गराउने<br>• आफ्नो वडाको नक्सा प्रस्तुत गर्दै त्यस वडामा के के छन् भनी जानकारी गराउने<br>• जनप्रतिनिधि संग भेटघाट र छलफल गराउने<br>• आफ्नो वडाको सिमाना, बाटोघाटो, सार्वजनिक संस्थाको बारेमा प्रश्नोत्तर तथा छलफल र अवलोकन मार्फत जानकारी गराउने<br>• वडामा भएका संघ संस्थाहरु जस्तै आमा समुह, वन समुह, वालक्लव आदिको जानकारी दिने | • प्रश्नोत्तर<br>• अवलोकन<br>• निरन्तर मूल्याङ्कन<br>• छलफल |
| २. हाम्रो प्राकृतिक सम्पदा र पर्यटन<br><br>(१५ कार्यघण्टा) | • विद्यार्थीको वडामा रहेका प्राकृतिक सम्पदा (वन, खोला, डाँडा, ताल)<br>• वडामा रहेका मुख्य पर्यटकीय क्षेत्र को बारेमा भन्न र थाहा पाउन<br>• मुख्य प्राकृतिक सम्पदाहरु | • विद्यार्थीको वडामा रहेका वन, खोला, डाँडा, हिमाल, झरना, फाँट आदिको फोटो, भिडियो प्रदर्शन गर्दै ती सम्पदा के काम लाग्छ ? त्यहाँ गएको छ कि छैन भन्ने प्रश्नहरू गर्दै छलफल गर्ने ।<br>• कक्षा बाहिर लगी विद्यालय नजिकका त्यस्ता सम्पदा देखाएर वा भ्रमण गराएर छलफल गर्ने<br>• रेखाङ्कित चित्र दिएर खोला, वन, पहाड आदिको चित्र बनाउन र रङ भर्न लगाउने र बर्णन गर्न लगाउने ।<br>• हाम्रा वरपर रहेका बालुवा, गिटी, पानी, जंगल, माटो, ढुंगा आदि क्षेत्र भ्रमण गराइ पहिचान गर्न सक्षम बनाउने,<br>• प्राकृतिक र मानवनिर्मित स्रोत साधनहरु उदाहररणद्धारा स्पष्ट पारिदिने,<br>• पर्यटकहरुको बारेमा जानकारी दिने । | • अवलोकन भ्रमण गराएर<br>• अनुभव भन्न लगाएर<br>• प्रश्नोत्तर गरेर<br>• प्रोजेक्ट कार्य दिएर<br>• निरन्तर मूल्याङ्कन |

| | | | |
|---|---|---|---|
| ३. हाम्रो धार्मिक र सांस्कृतिक सम्पदाहरु<br><br>(१५ कार्यघण्टा) | • विद्यार्थीको वडामा रहेका धार्मिक तथा सांस्कृतिक सम्पदा (मठ, मन्दिर, पाटी, चौतारो, बाजा, गाजा, पुराना सामग्री)<br>• आफ्नो सुमदायमा रहेका धार्मिक तथा सांस्कृतिक सम्पदाको अवलोकन र पहिचान जस्तै दामाहा, मादल, झ्याली सैनी, भुकुरको अवलोकन, | • धार्मिक सम्पदा र तिनको संरक्षण मठ, मन्दिर, पाटी, चौतारो आदिको चित्र, फोटो, भिडियो प्रदर्शन गर्दै छलफल गर्ने<br>• कुनै एक धार्मिक सम्पदा (मठ, मन्दिर, पाटी, चौतारो आदि मध्ये केही स्थानको अवलोकन भ्रभण गराउने र महत्वको बारेमा अन्तरक्रिया, छलफल गर्ने र यसको संरक्षणको महत्व बताउने ।<br>• बालबालिकालाई सम्पदाको चित्र कोर्न तथा लेख्न र वर्णन गर्न लगाउने<br>• धार्मिक क्षेत्रको सरसफाइमा सरिक गराउने, स्वच्छ र सफा हुनुपर्छ भन्ने ज्ञान दिने ।<br>• स्थानीय बाजा, गाजा जस्तै मादल, दमाहा, झ्याली, आदिको चित्र, भिडियो प्रदर्शनी गर्ने र प्रयोग गर्न लगाउने । | • अवलोकन भ्रमण गराएर<br>• अनुभव भन्न लगाएर<br>• प्रश्नोत्तर गरेर<br>• प्रोजेक्ट कार्य दिएर निरन्तर मूल्याङ्कन |
| ४.कृषि, पशुपालन र जीविकोपार्जन<br><br>(३० कार्यघण्टा) | • स्थानीय प्रमुख अन्नबाली पहिचान गर्न,<br>• वरपरका फलफूल तरकारी चिन्न<br>• आफ्नो वरपरका घरपालुवा जनावर र पशुपन्छी पहिचान गर्न,<br>• छरछिमेकको पेशा, व्यावसाय पहिचान गर्न,<br>• पेशामा गरी ने मुख्य कामहरु बताउन,<br>• तरकारीबाली, फलफूल अन्नबाली, पशुवस्तु, पंक्षीहरु बिचको फरक | • प्रत्यक्ष अवलोकन विधिबाट स्थानीय प्रमुख अन्नबाली, फलफूल तरकारी पहिचान गर्न सक्षम बनाउने, (चित्र, भिडियो, छलफल, अनुभव साटासाट)<br>• प्रत्यक्ष बस्तु वा चित्रको प्रयोग गर्न सकिन्छ । विद्यार्थीलाई करेसा बारी वा गमलामा छिटो हुर्कने तरकारी वा फूलका विरुवा रोप्न, पानी हाल्न र हेरबिचार गर्न सिकाउने ।<br>• आफूले रोपेको विरुवामा फलेको फूल, फल वा तरकारीको उपयोग गर्न सिकाउने ।<br>• घरपालुवा पशुवस्तुहरुको चित्र, प्रत्यक्ष देखाएर नाम, महत्वको बारेमा स्पष्ट पार्ने<br>• अभिभावक र छिमेकीले कृषि र पशुसंग कुन कुन व्यवसाय गर्छन जानकारी लिने र दिने ।<br>• पेशा व्यावसायका प्रमुख क्रियाकलापहरु बुझाउन प्रश्नोत्तर, अनुभव साटासाट जस्ता सिकाइ सहजीकरणका विधिहरुलाई पनि उपयोगमा ल्याउन सकिन्छ । | • प्रश्नोत्तर<br>• छलफल<br>• अभिभावकको प्रतिक्रिया र अनुभव<br>• अवलोकन<br>• निरन्तर मूल्याङ्कन<br>• विभिन्न बालीनाली र पशुवस्तुका, चित्र, भिडियो, आदि पहिचान गर्न लागाएर<br>• वालवालिकालाई सामान्य कार्य गर्न लगाएर जस्तै फूल रोप्न लगाएर अवलोकन र सहजीकरणको माध्यमबाट व्यावहारिक परीक्षण गर्ने |

| | | | |
|---|---|---|---|
| ५. भाषा साहित्य, संस्कृति र कला (२५ कार्यघण्टा) | • विद्यार्थीको समुदाय र आसपासमा प्रचलित भाषाका नामहरु भन्न<br>• समुदाय र आसपासका रैथाने नाचगानका बारेमा थाहा पाउन ।<br>• समुदाय र आसपासका मानिसहरुले लगाउने पोशाककमा बारेमा थाहा पाउन ।<br>• समुदाय र आसपासका क्षेत्रमा चलनमा रहेका गीत, संगितको बारमो थाहा पाउन । | • विद्यार्थीको समुदाय र आसपासमा बोलिने प्रचलित भाषाका सामान्य शब्द बोल्न लगाउने र नेपाली र अंग्रेजी अनुवाद गर्न लगाउने र अर्थ उस्तै हुन भन्ने जानकारी दिने<br>• स्थानीय नाचगानका बारेमा परिचित हुन छलफल र अनुभव साटासाट गर्ने<br>• स्थानीय नाचगानको महत्व बारे बताउने र छलफल गर्ने ।<br>• स्थानीय गीत संगीत कथाको बारेमा जानकारी दिने ।<br>• पुराना कथा गीत लेखेर बिद्यार्थीलाई देखाउने र गीत कथा तथा नाचहरुको अभिनय गर्न लगाउने<br>• अभिभावकसंग रैथाने नाच, गीतको बारेमा सोध्न लगाउने र भन्न लगाउने | • छोटा किसिमका प्रश्नोत्तर<br>• छलफल<br>• अभिनय<br>• बिद्यार्थीको कार्य हेरी मूल्याङ्कन गर्ने जस्तै नाच, पोशाक, गीत आदिको व्यावहारिक सिप कति हाँसिल भयो भनेर |
| ६. स्थानीय (रैथाने पेशा), सिप र प्रविधि (२० कार्यघण्टा) | • स्थानीय (रैथाने सिप र प्रविधिसंग परिचित हुन,<br>• स्थानीय प्रविधिबाट निर्मित घरेलु सामग्री र उत्पादनको नाम र प्रयोग बारे बताउन (जस्तै पानी घट्ट, आरान, डोको नाम्लो बुन्ने, राडी पाखी संग परिचित हुन र काम बताउन) | • स्थानीय क्षेत्रमा भएका रैथाने सिप र प्रविधिको तालिका बनाएर बिधार्थीलाई सहजीकरण गर्ने ।<br>• स्थानीय रैथाने प्रविधि र उत्पादनको बारेमा छलफल, अवलोकनको माध्यमबाट जानकारी दिने ।<br>• अवलोकन, अनुभव साटासाटको माध्यमले स्थानीय प्रविधि जस्तैः पानी घट्ट, जाँतो, ओखल, तान, आरान, आदिको प्रविधिकोको प्रत्यक्ष अवलोकन गराई या चित्रद्धारा चिन्न लगाउने, र उत्पादनको बारेमा जानकारी दिने<br>• स्थानीय सिप र प्रविधि सिक्न सिकारुलाई उत्प्रेरित गर्ने र विद्यालयमा त्यसको प्रदर्शन गर्न लगाउने,<br>• आवश्यकतानुसार स्थानीय सिप सम्बन्धी जानकार व्यक्तिहरुलाई विद्यालयमा आमन्त्रण गरेर सिकारुलाई सिकाउने वातावरण निर्माण गर्ने ।<br>• रैथाने सीपको बारेमा अभिभावक संग छलफल गर्न लगाउने र अनुभव बर्णन गर्न लगाउने | • अवलोकन भ्रमण गराएर<br>• अनुभव भन्न लगाएर<br>• प्रश्नोत्तर गरेर<br>• प्रोजेक्ट कार्य दिएर<br>• निरन्तर मूल्याङ्कन |

| | | | |
|---|---|---|---|
| ७. स्वास्थ्य, खानपिन तथा सरसफाइ<br><br>(१५ कार्यघण्टा) | • घरमा निर्मित तथा स्थानीय अन्नबाली, फलफूल र तरकारीबाट आफ्नै घरमा निर्मित खाना, खाजाको उपयोग गर्न,<br>• व्यक्तिगत सरसफाइ तथा आफ्नो कोठा र घरको सरसफाइ गर्न,<br>• विद्यालयको कक्षाकोठाको सरसफाइ<br>• घरमा आफ्नो कोठाको सरसफाइ | • आफ्नै खेतवारीमा उत्पादन भएका अन्न, फलफूल , तरकारी आदिबाट आफ्नै घरमा निर्माण गरी एका स्वस्थकर स्थानीय खाना जस्तैः खिर, खिचडी, ढिडो, मकै, भटमास, गुन्द्रुक, लगर, रोटी आदिबारे छलफल एवम् विषयवस्तुको प्रस्तुति गर्ने<br>• घरमा निर्मित पोषणयुक्त खानेकुराको प्रयोग गर्दा हुने फाइदा र केवल स्वादको लागि बजारमा पाइने हानिकारक खानेकुराको बेफाइदाबारे सुसूचित गराउने ।<br>• अभ्यासात्मक क्रियाकलापद्धारा आफू, आफ्नो कक्षा कोठा, घरको सरसफाइ गर्न लगाउने र सरसफाइ गर्ने तरिकाबारे जानकारी दिने,<br>• घरमा बन्ने रैथाने खानेकुरा अभिभावक संग मिलेर बनाउने र त्यसको अनुभव सुनाउने तथा विद्यालयमा पनि नमुना अभ्यास गराउने ।<br>• व्यक्तिगत सरसफाइको चेकजाँच गर्ने र सिकाउने | • प्रश्नोत्तर<br>• अवलोकन<br>• निरन्तर मूल्याङ्कन<br>• व्यक्तिगत सरसफाइको अबस्था हेरेर<br>• कक्षाकोठाको सरसफाइमा सहभागी भए नभएको हेरेर<br>• स्वास्थ्य तथा सरसफाइ रेकर्ड हेरेर |
| ८. विपत व्यवस्थापन र सुरक्षित विद्यालय<br><br>(१५ कार्यघण्टा) | •आफू वसेको क्षेत्रमा हुने विपतहरु घट्न सक्ने समयको आँकलन गर्न,<br>• आफू सुरक्षित हुन,<br>• विपतको असरबारे बुझ्न | • चित्र र भिडियो प्रदर्शन गर्दै स्थानीय विपत्को परिचय दिन ।<br>• मानवीय कारण र अन्य प्राकृतिक कारणबाट विपत आइलाग्ने कुरा सिकारुलाई उदाहरण सहित प्रस्ट्याउने,<br>• विपत बाट न्यूनिकरणका तरिकाहरु सिकारुकै संलग्नतामा अभिनय तथा प्रश्नोत्तर विधिद्धारा स्पष्ट पारिदिने ।<br>• विद्यार्थीहरूलाई विपत्बाट बच्ने उपायको पूर्वाभ्यास गराउने विपत भएको ठाउँको अवलोकन गराउने र असरहरु भन्ने | • अनुभव सुनेर<br>• पश्नोत्तर तथा छलफल गरेर<br>• समुह कार्य गरेर |
| ९. हाम्रो चाडपर्वहरु<br><br>(१५ कार्यघण्टा) | • विद्यार्थीको समुदाय र आसपासमा प्रचलित चाडपर्वको बारेमा बताउन र अनुभव भन्न | • स्थानीय रुपमा मनाइने चाडपर्वहरु सिकारुलाई भन्न लगाई उनीहरुले के कस्ता चाडपर्वहरु मान्दा रहेछन्, ती चाडपर्वहरुको नाम के के रहेछन् भनेर छलफल गर्ने,<br>• चित्र, चार्ट, भिडियोका माध्यमबाट स्थानीय चाडपर्वहरु देखाउने र छलफल गर्ने ।<br>• चाडपर्वहरुको महत्वको बारेमा बिद्यार्थी संग छलफल गर्ने र बिद्यार्थीको अनुभव भन्न लगाउने ।<br>• चाडपर्वका बारेमा अभिभावकसंग सोधेर जानकारी लिने र कक्षाकोठामा छलफल गर्ने ।<br>• विद्यार्थीको वडामा मनाइने चाडपर्वका सम्बन्धमा भूमिका अभिनय गर्न लगाउने र गर्ने । | • व्यवहार अवलोकन र<br>• निरन्तर मूल्यांकन<br>• छलफल<br>• प्रश्नोत्तर<br>• प्रदर्शनी |

## कक्षागत क्षेत्र, क्रम , क्रियाकलाप र मूल्याङ्कन प्रक्रिया

## कक्षा ३

| विषय क्षेत्र / कार्य घण्टा | सिकाइ उपलब्धि | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|
| १. ठुलीभेरी नगरपालिकाको परिचय<br><br>(१० कार्यघण्टा) | • नगरपालिकाको मुख्य विशेषता, सिमाना र वडा सङ्ख्या, भन्न<br>• नगरपालिकाको वडा सहितको नक्सा र सिमाना<br>• वडामा भएका सामुदायिक संस्थाको चिनारी | • नगरपालिकाको वरिपरिको सिमानामा के के छन् भनी छलफल गराउने<br>• नगरपालिकाको वडा सहितको नक्सा प्रदर्शन गर्दै वडा संख्या भन्न लगाउने<br>• चार्ट र चित्र प्रदर्शन गर्दै नगरपालिकाका पदाधिकारीको सामान्य जानकारी गराउने (नगर प्रमुख, उप प्रमुख, वडा अध्यक्ष)<br>• नगरपालिकाको मुख्य विशेषताहरु जस्तै सडक, हवाइमार्ग, आदिको बारेमा जानकारी गराउने<br>• वडा भित्र रहेका संघ संस्थाहरुको बारेमा जानकारी दिने र कामहरु बताउने | • प्रश्नोत्तर<br>• अवलोकन<br>• निरन्तर मूल्याङ्कन<br>• छलफल |
| २. हाम्रो प्राकृतिक सम्पदा र पर्यटन<br><br>(१५ कार्यघण्टा) | • नगरपालिकामा रहेका मुख्य प्राकृतिक सम्पदा (हिमाल, नदी, खोला, डाँडा, झरना, ताल) हरुको पहिचान गर्ने<br>• आफ्नो वडाको प्राकृतिक सम्पदाको अवलोकन<br>• आफ्नो वडाको पर्यटकीय क्षेत्रको पहिचान र अवलोकन<br>• बहुमुल्य यार्चागुम्बाको बारेमा चिनारी र महत्व | • नगरपालिकामा रहेका मुख्य पाँचओटा प्राकृतिक सम्पदा (वन, खोला, डाँडा, फाँट आदिको फोटो, भिडियो प्रदर्शन गर्दै ती सम्पदा के काम लाग्छ ? त्यहाँ गएको छ कि छैन भन्ने प्रश्नहरू गर्दै छलफल गर्ने<br>• विद्यालय नजिकका कुनै सुरक्षित सम्पदा भ्रमण गराएर त्यसका बारेमा टिपोट गर्न लगाउने र कक्षामा प्रस्तुत गरी छलफल गर्ने<br>• नजिकको पर्यटकीय स्थलको बारेमा जानकारी दिने र पर्यटकको बारेमा बुझाउने (फोटो, भिडियो र छलफलका माध्यमबाट)<br>• हाम्रो सम्पदामा बुहमुल्य यार्चागुम्बाको बारेमा चिनारी र महत्व तथा पाईने स्थानहरु प्रस्ट पार्ने ( अनुभव आदान प्रदान गर्ने ) | • अवलोकन भ्रमण गराएर<br>• अनुभव भन्न लगाएर<br>• प्रश्नोत्तर गरेर<br>• प्रोजेक्ट कार्य दिएर<br>• निरन्तर मूल्याङ्कन |
| ३. हाम्रो धार्मिक र सांस्कृतिक सम्पदाहरु<br><br>(१५ कार्यघण्टा) | • नगरपालिकामा रहेका मुख्य पाँच धार्मिक तथा सांस्कृतिक सम्पदा र तिनको संरक्षण (मठ, मन्दिर, पाटी, पुराना महत्वका सम्पदा, )<br>• आफ्नो वडाको धार्मिक सास्कृतिक सम्पदाको अवलोकन, पहिचान र वर्णन (दमाहा, सैनी, भुकुर आदि को अवलोकन) | • धार्मिक सम्पदा र तिनको संरक्षण मठ, मन्दिर, पाटी, चौतारो आदिको चित्र, फोटो, भिडियो प्रदर्शन गर्दै छलफल गर्ने<br>• कुनै एक धार्मिक सम्पदा (मठ, मन्दिर, पाटी, चौतारो आदि मध्ये केही स्थानको अवलोकन भ्रभण गराउने र महत्वको बारेमा अन्तरक्रिया, छलफल गर्ने र यसको संरक्षणको महत्व बताउने ।<br>• बालबालिकालाई सम्पदाको चित्र कोर्न तथा लेख्न र वर्णन गर्न लगाउने ।<br>• धार्मिक क्षेत्रको सरसफाइमा सरिक गराउने, स्वच्छ र सफा हुनु पर्छ भन्ने ज्ञान दिने ।<br>• स्थानीय बाजा, गाजा जस्तै मादल, दमाहा, झ्याली, आदिको चित्र, भिडियो प्रदर्शनी गर्ने र प्रयोग गर्न लगाउने | • अवलोकन भ्रमण गराएर<br>• अनुभव भन्न लगाएर<br>• प्रश्नोत्तर गरेर<br>• प्रोजेक्ट कार्य दिएर<br>• निरन्तर मूल्याङ्कन |

| | | | |
|---|---|---|---|
| ४.कृषि, पशुपालन र जीविकोपार्जन<br><br>(३० कार्यघण्टा) | • नगरपालिकामा उत्पादन हुने प्रमुख अन्नबालीहरुको पहिचान गर्न,<br>• स्थानीय कृषि, उद्योग, ब्यापार र अरु पेशासंग परिचित हुन,<br>• स्थानीय फलफूल तरकारी, पशुपन्छीसंग परिचित हुन,<br>• स्थानीय कृषि संगका पेशाबारे परिचित हुन । | • प्रत्यक्ष अवलोकन विधिबाट स्थानीय प्रमुख अन्नबाली, फलफूल तरकारी पहिचान गर्न सक्षम बनाउने, (चित्र, भिडियो, छलफल, अनुभव साटासाट)<br>• प्रत्यक्ष बस्तु वा चित्रको प्रयोग गर्न सकिन्छ । विद्यार्थीलाई करेसाबारी वा गमलामा छिटो हुर्कने तरकारी वा फूलका विरुवा रोप्न, पानी हाल्न र हेरबिचार गर्न सिकाउने ।<br>• आफूले रोपेको विरुवमा फलेको फूल, फल वा तरकारीको उपयोगे गर्न सिकाउने ।<br>• घरपालुवा पशुवस्तुहरुको चित्र, प्रत्यक्ष देखाएर नाम, महत्वको बारेमा स्पष्ट पार्ने<br>• अभिभावकले र छिमेकीले कृषि र पशुसंग कुन कुन व्यवसाय गर्छन जानकारी लिने र दिने ।<br>• पेशा ब्यावसायका प्रमुख क्रियाकलापहरु बुझाउन प्रश्नोत्तर, अनुभव साटासाट जस्ता सिकाइ सहजीकरणका विधिहरुलाई पनि उपयोगमा ल्याउन सकिन्छ । | • प्रश्नोत्तर<br>• छलफल<br>• अभिभावकको प्रतिक्रिया र अनुभव<br>• अवलोकन<br>• निरन्तर मूल्याङ्कन<br>• विभिन्न बालिनाली र पशुवस्तुका, चित्र, भिडियो, आदि पहिचान गर्न लागाएर<br>• वालवालिकालाई सामान्य कार्य गर्न लगाएर जस्तै फूल रोप्न लगाएर अवलोकन र सहजीकरणकोमाध्यमबाट व्यावहारिक परीक्षण गर्ने |
| ५. भाषा साहित्य, संस्कृति र कला<br>(२५ कार्यघण्टा) | • नगरपालिकामा प्रचलित विभिन्न भाषाको परिचय र पृष्ठभूमि थाहा पाउन ।<br>• नगरपालिका भित्रका समुदायका मुख्य रैथाने नाचगानहरुका बारेमा थाहा पाउन ।<br>• नगरपालिका भित्रका प्रमुख रैथाने गीत संगीत, कथाहरुका बारेमा थाहा पाउन । | • विद्यार्थीको समुदाय र आसपासमा बोलिने प्रचलित भाषाका सामान्य शव्द बोल्न लगाउने र नेपाली, अंग्रेजीमा अनुवाद गर्न लगाउने र गर्ने<br>• स्थानीय नाचगानका बारेमा परिचित हुन छलफल र अनुभव साटासाट गर्ने<br>• स्थानीय नाचगानको महत्व बारे बताउने र छलफल गर्ने र कुन समयमा प्रयोग हुन्छ छलफल गर्ने ।<br>• स्थानीय गीत संगित कथाको बारेमा जानकारी दिने ।<br>• पुराना कथा गीत लेखेर बिदार्थीलाई देखाउने र गीत कथा तथा नाचहरुको अभिनय गर्न लगाउने र नजिकको कुनै कार्यक्रममा अवलोकन गर्ने ।<br>• अभिभावकसंग रैथाने नाच, गीतको बारेमा सोध्न लगाउने र बर्णन गर्न लगाउने । | • छोटा किसिमका प्रश्नोत्तर<br>• छलफल<br>• अभिनय<br>• बिद्यार्थीको कार्य हेरी मूल्याङ्कन गर्ने जस्तै नाच, पोशाक, गीत आदिको व्यवहारिक सिप कति हाँसिल भयो भनेर |

| | | | |
|---|---|---|---|
| ६. स्थानीय (रैथाने पेशा), सिप र प्रविधि<br><br>(२० कार्यघण्टा) | ● स्थानीय स्रोत, साधन र प्रविधि र सिपको प्रयोगबाट निर्माण गर्नसकिने सामग्रीहरुको पहिचान गर्न,<br>● रैथाने प्रविधिबाट निर्मित घरेलु सामग्रीहरुको आवश्यकता र महत्व बुझ्न,<br>● रैथाने सिप र प्रविधिको उपयोग गर्न, | ● स्थानीय क्षेत्रमा भएका रैथाने सिप र प्रविधि को तालिका बनाएर बिधार्थीलाई सहजीकरण गर्ने ।<br>● स्थानीय रैथाने प्रविधि र उत्पादनको बारेमा छलफल, अवलोकनको माध्यमबाट जानकारी दिने ।<br>● अवलोकन, अनुभव साटासाटको माध्यमले स्थानीय प्रविधि जस्तैः पानी घट्ट, जाँतो, ओखल, तान, आरान, आदिको प्रविधिको प्रत्यक्ष अवलोकन गराई या चित्रद्धारा चिन्न लगाउने, र उत्पादनको बारेमा जानकारी दिने<br>● स्थानीय सिप र प्रविधि सिक्न सिकारुलाई उत्प्रेरित गर्ने र विद्यालयमा त्यसको प्रदर्शन गर्न लगाउने,<br>● आवश्यकतानुसार स्थानीय सिप सम्बन्धी जानकार व्यक्तिहरुलाई विद्यालयमा आमन्त्रण गर्ने र गरेर देखाउन लगाउने ।<br>● गरेर सिकारुलाई सिकाउने वातावरण निर्माण गर्ने ।<br>● रैथाने सिपको बारेमा अभिभावकसंग छलफल गर्न लगाउने र अनुभव बर्णन गर्न लगाउने<br>● कुनै २ वटा रैथाने सिपको अवलोकन गर्न लगाउने र टिपोट गरेर बर्णन गर्न लगाउने | ● अवलोकन भ्रमण गराएर<br>● अनुभव भन्न लगाएर<br>● प्रश्नोत्तर गरेर<br>● प्रोजेक्ट कार्य दिएर<br>● निरन्तर मूल्याङ्कन |
| ७. स्वास्थ्य, खानपिन तथा सरसफाइ<br><br>(१५ कार्यघण्टा) | ● जंकफुडको पहिचान र यसले स्वास्थ्यमा पार्ने नकारात्मक प्रभावबारे सचेत हुन,<br>● स्थानीय रुपमा निर्मित खाना, खाजा र पेय पदार्थ चिन्न र प्रयोग गर्न,<br>● स्वस्थ रहन योग, ध्यान, उपासना गर्न, घर, विद्यालय, भान्सा र शौचालयको सरसफाइ गर्न, | ● आफ्नै खेतवारीमा उत्पादन भएका अन्न, फलफूल , तरकारी आदिबाट आफ्नै घरमा निर्माण गरिएका स्वस्थकर स्थानीय खाना जस्तैः खिर, खिचडी, ढिडो, मकै, भटमास, गुन्द्रुक, लगर, रोटी आदिबारे छलफल एवम् विषयवस्तुको प्रस्तुति गर्ने (अभिभावक संग सोध्न लगाउने र प्रस्तुति गर्ने )<br>● घरमा निर्मित पोषणयुक्त खानेकुराको प्रयोग गर्दा हुने फाइदा र केवल स्वादको लागि बजारमा पाइने हानिकारक खानेकुराको बेफाइदाबारे सुसूचित गराउने ।<br>● अभ्यासात्मक क्रियाकलापद्धारा आफू, आफ्नो कक्षा कोठा, घरको सरसफाइ गर्न लगाउने र सरसफाइ गर्ने तरिका बारे जानकारी दिने, साथै बिद्यालयको सरसफाइमा सहभागी गराउने र अनुभव भन्न लागाउने ।<br>● सफा र फोहोर वातावरण बिचको भिन्नता छुट्याउन लगाउने ।<br>● घरमा बन्ने रैथाने खानेकुरा अभिभावकसंग मिलेर बनाउने र त्यसको अनुभव सुनाउने तथा विद्यालयमा पनि नमुना अभ्यास गराउने ।<br>● व्यक्तिगत सरसफाइको चेकजाँच गर्ने र सिकाउने | ● प्रश्नोत्तर<br>● अवलोकन<br>● निरन्तर मूल्याङ्कन<br>● व्यक्तिगत सरसफाईको अबस्था हेरेर<br>● कक्षाकोठाको सरसफाइमा सहभागी भए नभएको हेरेर<br>● स्वास्थ्य तथा सरसफाइ रेकर्ड हेरेर |

| | | | |
|---|---|---|---|
| ८. विपत व्यवस्थापन र सुरक्षित विद्यालय<br><br>(१५ कार्यघण्टा) | • आफू बसेको क्षेत्रमा हुने विपतका कारण पहिचान गर्न,<br>• विपतबाट, सुरक्षित रहने उपायहरु अवलम्बन गर्न,<br>• सुरक्षित वासस्थान र सुरक्षित विद्यालय चिन्न,<br>• विपत बाट बच्ने पूर्वाभ्यासको जानकारी लिने | • बनजंगल फडानी, असन्तुलित बाटो निर्माण, बाढी, पहिरो, आगलागी जस्ता विपत हरुको बारेमा छलफल, अनुभव आदान प्रदान र प्रश्नोत्तर गरेर वालवालिकालाई जानकारी दिने ।<br>• मानवीय कारण र अन्य प्राकृतिक कारणबाट विपत आइलाग्ने कुरा सिकारुलाई उदाहरण सहित प्रस्ट्याउने,<br>• विपत बाट न्यूनीकरणका तरिकाहरु सिकारुकै संलग्नतामा अभिनय तथा प्रश्नोत्तर विधिद्धारा स्पष्ट पारिदिने ।<br>• चित्र र भिडियो प्रदर्शन गर्दै स्थानीय विपतको परिचय दिने<br>• विद्यार्थीहरूलाई विपतबाट बच्ने उपायको पूर्वाभ्यास गराउने<br>• विपत भएको ठाउँको अवलोकन गराउने र असरहरु भन्ने | • अनुभव सुनेर<br>• पशनोत्तर तथा छलफल गरेर<br>• समूह कार्य गरेर<br>• अभ्यास मार्फत |
| ९. हाम्रो चाडपर्वहरु<br><br>(१५ कार्यघण्टा) | • बिद्यार्थीले वडामा प्रचलित विभिन्न चाडपर्व को बारेमा परिचित हुन र विशेषता थाहा पाउन । | • स्थानीय रुपमा मनाइने चाडपर्वहरु सिकारुलाई भन्न लगाई उनीहरुले के कस्ता चाडपर्वहरु मान्दा रहेछन्, ती चाडपर्वहरुको नाम के के रहेछन् भनेर छलफल गर्ने,<br>• चित्र, चार्ट, भिडियोका माध्यमबाट स्थानीय चाडपर्वहरु देखाउने र छलफल गर्ने ।<br>• चाडपर्वहरुको महत्वको बारेमा बिद्यार्थीसंग छलफल गर्ने र बिद्यार्थीको अनुभव भन्न लगाउने ।<br>• चाडपर्वका बारेमा अभिभावक संग सोधेर जानकारी लिने र कक्षाकोठामा छलफल गर्ने ।<br>• विद्यार्थीको वडामा मनाइने चाडपर्वका सम्बन्धमा भूमिका अभिनय गर्न लगाउने र गर्ने । | • व्यवहार अवलोकन र<br>• निरन्तर मूल्यांकन<br>• छलफल<br>• प्रश्नोत्तर<br>• प्रदर्शनी |

**सिकाइ सहजीकरण विधि तथा प्रक्रिया :**

स्थानीय पाठ्यक्रम तहगत पाठ्यक्रमकै एक अंश भएको हुनाले यसको शिक्षण सिकाइ प्रक्रिया पनि सामान्यतया अन्य विषयकै जस्तो हो तर स्थानीय पाठ्यक्रमको शिक्षण सिकाइ प्रक्रियामा बाल केन्द्रित, सामग्री केन्द्रित, प्रयोगात्मक र परियोजनामा आधारित पद्धति अपनाउनु पर्दछ । स्थानीय पाठ्यक्रम स्थानीय बस्तुस्थितिको सापेक्षतामा तयार गरी पाठ्यक्रम हो । एउटै पालिकामा पनि स्थानीय विषयवस्तुहरूको सन्दर्भ र परिवेशमा एकरुपता नहुन सक्छ । सिकारुको रुचि, उमेर, क्षमता र स्थानीय परिवेशको जगमा यसको सिकाइ सहजीकरण गर्नुपर्ने भएकोले एउटै विधि वा सिकाइ क्रियाकलाप स्थानीय विषयमा सान्दर्भिक हुदैन । यस अर्थमा पनि परिवेश सापेक्ष शिक्षण सिकाइ क्रियाकलाप बाञ्छनीय हुन्छ । स्थानीय पाठ्यक्रमको सिकाइ सहजीकरणको सम्बन्धमा स्थानीय विषय पढ्ने र पढाइने विषय भन्दा पनि गर्ने र गराइने विषय हो । यो स्थानीय विशिष्ट परिस्थिति सापेक्ष हुन्छ । कुनै पनि विषयवस्तुको प्रभावकारी सिकाइका लागि प्रभावकारी शिक्षण सिकाइ क्रियाकलाप, आवश्यक शैक्षणिक योजना निर्माण, त्यसको कार्यान्वयनको आवश्यकता हुन्छ । स्थनीय पाठ्यक्रमका विषयवस्तुको सिकाइका लागि पाठ्यक्रमले निर्दिष्ट गरेका विषय क्षेत्रसँग सम्बन्धित भई विभिन्न विद्यार्थी केन्द्रित क्रियाकलाप, परियोजना कार्य, सामुदायिक कार्यलाई उपयोगमा ल्याउन सकिन्छ । सूचना तथा सञ्चार प्रविधिको समुचित प्रयोग गर्दै विषयवस्तुको बारेमा सिकारुलाई स्पष्ट पार्न सकिन्छ । स्थानीय पाठ्यक्रम शिक्षणको विधि तथा क्रियाकलाप यही नै हुन्छ र हुनुपर्छ भन्ने हुदैन तथापि शिक्षण सिकाइ गर्दा निम्नानुसार शिक्षण विधि र क्रियाकलापहरू सञ्चालन गर्न सकिन्छ ।

**छलफल/प्रश्नोत्तर :**

विभिन्न विषयमा छलफल गर्नका लागि के के बुँदामा छलफल गर्ने हो त्यसको पूर्व तयारी गरेर छलफल सञ्चालन गर्नुपर्छ । निरन्तर, सक्रिय र उच्च सहभागिताबाट नै छलफललाई प्रभावकारी बनाउन सकिन्छ । स्थानीय पेशाकर्मीहरूलाई पनि कक्षाकोठामा स्रोतव्यक्तिको रुपमा निम्ता गरी छलफल र अन्तरक्रिया गर्न सकिन्छ । जोडी छलफल, समूह छलफल, सामग्री छलफल, खुला छलफल जस्ता विधिहरू आवश्यकता अनुसार अवलम्बन गर्न सकिन्छ । उदाहरणका लागि स्थानीय तहमा उत्पादन गरिने तरकारीका बारेमा छलफल गरी प्रश्नोत्तर गर्ने
हो भने तलका जस्ता बुँदाहरूमा छलफल गर्न सकिन्छ ।

- ✓ तिमीलाई कुन तरकारी मन पर्छ ?
- ✓ तिमीले मनपर्ने तरकारी देखेका छौ ?
- ✓ त्यो तरकारी कहाँ फल्छ ?
- ✓ तरकारी कसले पकाउनु हुन्छ ?
- ✓ तिमीले बारीको तरकारीमा पानी हालेका छौ ?

**प्रदर्शन :**

शिक्षक, विद्यार्थी र सरोकारवालाबाट विभिन्न सामग्री सङ्कलन गरेर, विभिन्न कृषि मेला, उद्योग मेला, सांस्कृतिक पर्व आदिमा सहभागी भई गरिएको प्रदर्शनीहरू अवलोकन गराउने र त्यस बारेमा छलफल गर्ने जस्ता क्रियाकलाप सञ्चालन गर्न सकिन्छ । कक्षाकोठामा विषयवस्तुसँग सम्बन्धित सामग्री वा क्रियाकलापको प्रदर्शन गर्दै शिक्षण गर्न सकिन्छ । विषय वस्तुसँग सम्बद्ध चित्र, तस्बिर, भिडियो, वास्तविक वस्तु, चार्ट आदि प्रदर्शन गर्दै छलफल गराउन सकिन्छ ।

**अवलोकन भ्रमणः**

विद्यार्थीलाई विभिन्न स्थानहरू जस्तै व्यावसायिक कार्यहरू, व्यापारिक क्षेत्र, कृषि व्यवसाय, धार्मिक, सांस्कृतिक, पर्यटकीय स्थलहरूको भ्रमण गराउन सकिन्छ । विभिन्न चाडपर्वहरु तथा सामुदायिक क्रियाकलापमा भ्रमण गराउन सकिन्छ । यस क्रियाकलापले बालबालिकामा स्थानीय विषय वस्तुको प्रत्यक्षीकरणमा मद्दत पुग्दछ । अवलोकन भ्रमण पश्चात सिकेका र देखेको कुराहरु वालवालिकालाई प्रस्तुत गर्न लगाउने साथै अनुभव भन्न लगाउने गर्नुपर्दछ ।

**परियोजना कार्य:**

शिक्षण सिकाइको महत्वपूर्ण अङ्गका रूपमा परियोजना कार्य गर्ने गराउने गरिन्छ । यस्तो कार्य एउटा निश्चित खाका तयार पारेर सम्पन्न गर्न पर्दछ । त्यस्तो खाका बनाउदा के गर्ने, किन गर्ने, कसरी गर्ने, कसले गर्ने, खर्च कति लाग्ने जस्ता कुरा पहिले नै सोच्नुपर्छ । गरेर सिक्ने कार्यलाई यो विधिले जोड दिएको हुन्छ । छोटा परियोजना कार्यहरू जस्तै करेशाबारी निर्माण, कक्षा कोठा भित्रको फोहर संकलन र व्यबस्थापन, बगैचा निर्माण आदि जस्ता स-साना परियोजना कार्य गराउन सकिन्छ ।

**अभिभावकीय संलग्नता :**

शिक्षकले स्थानीय विषयवस्तुसँग सम्बन्धित कतिपय सिकारुको व्यवहारसँग गाँसिएका आचरण, मूल्य मान्यता, सोचाइ र व्यवहार परिवर्तन लिखित या मौखिक तवरले सहजीकरण गरेर मात्र पुग्दैन । सिकारुले घरको वातावरण, अभिभावकको सहयोग र निर्देशनबाट सिक्ने गर्दछ । यस्तो परिवेशमा सिकाइ सहजीकरणमा अभिभावकीय संलग्नतालाई पनि समुचित स्थान दिनपुर्ने हुन्छ। अभिभावकको सल्लाह, निर्देशन तथा प्रतिक्रियालाई आधार बनाएर आवश्यकता अनुसार उपचारात्मक शिक्षण पद्धतिलाई पनि उपयोग गर्न सक्नुपर्दछ ।

**सहभागिता :**

गरेर सिक्ने विधि नै सहभागिता विधि हो । सहभागिता विभिन्न कार्यमा गराउन सकिन्छ । सहभागितामा जिम्मेवारी बढ्छ । तसर्थ विभिन्न कार्यक्रमहरूमा विद्यार्थीहरूलाई सहभागी गराउनुपर्छ । यसो गर्दा विद्यार्थीहरूले हेरेर र गरेर धेरै कुराहरू सिक्दछन् । यसमा सहजकर्ताले संगसंगै वालवालिकालाई विभिन्न क्रियाकलापहरुमा सहभागी गराउन सक्दछन् जस्तै पानी घट्टमा गएर अन्न पिस्ने तरिका सिक्ने । मकैबारीमा गएर मकै भाच्न सिक्ने आदि ।

**प्रयोगात्मक कार्य:**

पाठ्यक्रमले बढी भन्दा बढी व्यावहारिक ज्ञान र सीपको विकास गराउन खोजेको हुँदा विद्यार्थीलाई प्रयोगात्मक कार्यमा संलग्न गराउनु पर्दछ । कृषिका लागि विद्यालयमा नै करेसाबारी तयार पार्नु पर्दछ । विपत् व्यवस्थापनका कार्यको पनि प्रयोगात्मक र भूमिका अभिनय विधिका माध्यमबाट शिक्षण गर्नुपर्दछ ।

प्रस्तुत सिकाइ सहजीकरण क्रियाकलापका साथसाथै सिकाइ सहजीकरणमा निम्न कुराहरूमा जोड दिनुपर्दछ ।

**कथाकथन वा गीत/संगीत विधि :**

पाठ्यक्रमले निर्दिष्ट गरेको सिकाइ उपलब्धि तथा पाठ्यक्रममा समाविष्ट विषयवस्तुको जगमा रहेर सान्दर्भिक स्थानीय कथा, कविता, गीत तथा सँगीतको माध्यमले पनि सिकाइ सहजीकरण गर्न सकिन्छ । यसो गर्दा अपेक्षित सिकाइ उपलब्धि प्राप्तिमा सहजता हुन्छ नै साथसाथै विषयवस्तुको धारणालाई समेत थप स्पष्ट पार्न सकिन्छ ।

**भूमिका निर्वाह तथा नाटकीकरण विधि :**

स्थानीय पाठ्यक्रममा उल्लिखित विषयवस्तुको बारेमा सिकारुलाई स्पष्ट पार्न सिकारु स्वयम्लाई सिकाइ सहजीकरणको माध्यम बनाउन सकिन्छ । यसको लागि सिकारुलाई विभिन्न भूमिका निर्वाह गर्ने वातावरण दिइनु पर्दछ । जस्तै अपाङ्गतामैत्री व्यवहार प्रदर्शन गर्न, यदि कक्षाकोठामा अपाङ्ग बालबालिकाहरू छैनन् भने सिकारु मध्ये कुनै एकलाई अपाङ्ग व्यक्तिको रुपमा भूमिका निर्वाह गर्न लगाउने र अरुलाई अपाङ्ग व्यक्तिलाई सहयोग गरेको भूमिका दिएर यो विधि प्रयोग गर्न सकिन्छ । यसैगरी कृषक, व्यापारी, मिस्त्री जस्ता भूमिकाहरु तयार गर्न सकिन्छ ।

**अन्वेषण, अनुसन्धान तथा खोज विधि :**
विषयवस्तुको सान्दर्भिकता र अपेक्षित सिकाइ उपलब्धिको अपेक्षालाई समुचित ध्यान दिँदै समस्या या प्रश्नको प्रस्तुति, गरिने क्रियाकलाप, निकालिने निश्कर्ष र सञ्चालन गरिने अन्वेषण, अनुसन्धान तथा खोज कार्यको बारेमा सिकारुलाई आवश्यक निर्देशन दिई सो सम्बन्धी क्रियाकलापमा सहभागी गराउन सकिन्छ ।

१) सिकाइ सहजीकरण बिधि न्यूनतम् सैद्धान्तिक र अधिकतम् ब्यावहारिक तथा प्रयोगात्मक हुनेछ । सिक्षण सिकाईमा प्रभावकारिताको लागि गीत, कविता, कथा, खेल र समूहकार्य बिधिहरु प्रयोग गर्नु पर्नेछ ।
२) शिक्षकले सहजकर्ता उत्प्रेरक, प्रवर्तक र खोजकर्ताको रुपमा बालबालिका समक्ष प्रस्तुत हुनु पर्नेछ ।
३) शिक्षण सिकाइ प्रक्रियामा बिद्यालय र समुदाय बिच सहकार्य गर्नु पर्नेछ । स्थानीय समुदाय, स्थानीय समुदायमा रहेका आर्थिक सामाजिक अभ्यासहरुलाई सिकाइको मूल श्रोत बनाउनु पर्दछ । जस्तैः बालबालिकालाई फलफूल खेतीको बारेमा शिक्षकले मात्र नभई स्थानीय कृषकले सिकाउने बातावरण तयार गर्नु पर्नेछ ।
४) ब्यक्तिगत भन्दा सामूहिक सिकाइ र सामूहिक मूल्यांकनलाई कार्यान्वयन गर्नु पर्नेछ ।
५) बालबालिकाहरुको शिक्षण सिकाइ अनुभव केन्द्रित र दैनिक जीवनसंग बिषयबस्तुको तालमेल गराउनु पर्दछ ।

**सिकाइ सहजीकरण विधि तथा प्रक्रिया छनौट गर्दा ध्यान दिनुपर्ने पक्षहरु**
स्थानीय पाठ्यक्रम/स्थानीय विषय स्थानीय परिवेशमा तयार गरिएको आवश्यकता केन्द्रित विषयवस्तुहरूको सँगालो भएकोले अन्य विषयहरू जस्तो तोकिएको पाठ्यपुस्तक/कार्यपुस्तकमा उल्लेख भए बमोजिम सिकाइ सहजीकरण गर्न सम्भव हुदैन । विषयवस्तुको माग र सिकारुको अवस्थालाई मध्यनजर गर्दा स्थानीय विषय पठनपाठन गराउनु पर्ने भएकोले पनि यसको सिकाइ सहजीकरण अन्य विषय भन्दा अलि फरक हुन सक्ने सम्भावना रहन्छ । सम्बन्धित विषय क्षेत्रमा मेलखाने शिषण विधि तथा प्रविधि छनौट गर्दा ध्यान दिनुपर्ने केही महत्वपूर्ण पक्षहरूलाई निम्नानुसार उल्लेख गरिएको छ ।

**विषयवस्तु तथा सिकाइ उपलब्धि :** स्थानीय पाठ्यक्रममा उल्लेख गरिएको तथा कक्षागत, एकाइगत तथा पाठगत विषयवस्तु तथा अपेक्षित सिकाइ उपलब्धिसंग मेलखाने सिकाइ सहजीकरण विधि छनौट र प्रयोगमा समुचित ध्याान दिनुपर्दछ । उदाहरणका लागि स्थानीय सिप र प्रविधि सम्बन्धमा शिक्षण सिकाइ गर्दा सिकारुलाई ब्याख्यान वा विश्लेषणात्मक विधिबाट सहजीकरण गर्दा अपेक्षित सिप विकास गर्न सकिन्न । यसको लागि प्रयोगात्मक, अभ्यासात्मक तथा प्रदर्शन जस्ता विधिहरू आवश्यक हुन्छन् ।

**बालमनोविज्ञान** : पाठ्यपुस्तक तथा कार्यपुस्तकद्धारा चित्रात्मक प्रस्तुतिबाट सिकिरहेका विद्यार्थीहरूलाई स्थानीय पाठ्यक्रम विना कुनै पाठ्यपुस्तक या कार्यपुस्तकबाट पढ्नु पर्दा असहजताको अनुभूति हुनसक्छ । यस्तो अवस्थामा सर्वप्रथम सिकारुको दैनिक जीवन तथा स्थानीय परिवेश अनुकूलको स्थानीय विषय शिक्षण गर्दा सिकारुको उमेर, रुचि, व्यक्तिगत क्षमता, पूर्वज्ञान, प्रवृत्ति आदिलाई ध्यान दिई सोही बमोजिमका सिकाइ सहजीकरण विधि उपयोगमा ल्याउनुपर्ने हुन्छ ।

**स्रोत साधनको उपलब्धता** : स्थानीय विषयको सिकाइ सहजीकरण गर्दा शिक्षण विधि तथा रणनीति छनौटको सन्दर्भमा आर्थिक, मानवीय, भौतिक एवम् स्थानीयताको दृष्टिकोणले उपयुक्त हुने र स्थानीय स्तरमा उपलब्ध स्रोत साधनको सहजतापूर्वक प्रयोग गर्न सकिने हिसावले छनौट
गर्नुपर्दछ ।

**विद्यालय वातावरण र शिक्षण सिकाइ परिस्थिति** : विद्यालयको वातावरण, विद्यार्थी तथा विद्यार्थी
आउने समुदायको पृष्ठभूमिमा परिस्थिति सापेक्ष शिक्षण विधि तथा प्रविधिहरूको छनौट र उपयोगलाई ध्यान दिई शिक्षण सिकाइको योजना निर्माण गर्नुपर्ने हुन्छ । विद्यालयमा के कस्ता शैक्षिक सामग्रीहरू उपलब्ध छन् ? स्थानीय स्तरबाट थप सामग्रीहरू के कसरी उपलब्ध गराउन सकिन्छ ? शिक्षण सिकाइको लागि हाम्रो लागि कस्तो परिस्थिति विद्यमान छ ? जस्ता कुराहरूको सही र सार्थक विश्लेषण गरी शिक्षण विधिको छनौट र प्रयोग गर्न सके स्थानीय विषयको सिकाइ सहजीकरण प्रक्रिया सहजरुपमा सञ्चालन गर्न सकिन्छ ।

**शिक्षकको योग्यता, क्षमता, र रुचि** : स्थानीय विषय केवल पाठ्यक्रम र विभिन्न सन्दर्भ सामग्रीद्धारा पठनपाठन गर्नुपर्ने भएकोले शिक्षक योग्य भएर मात्र पुग्दैन । शिक्षकले आत्मविश्वासका साथ आवश्यक विधि तथा प्रविधि र शिक्षण सामग्रीको व्यवस्थापन गर्न पनि सक्रिय हुनुपर्छ। लगनशील र पेशासँग बफादार शिक्षकले मात्र इमानदारपूर्वक आवश्यक स्रोत सामाग्रीको व्यवस्थापन गरेर स्थानीय विषय पठनपाठन गर्न सक्ने भएकोले शिक्षकको क्षमता र आत्मविश्वास विकास गर्न स्थानीय विषयको पाठ्यक्रम तथा शिक्षण विधिको बारेमा यथोचित तालिमको व्यवस्था गर्नुपर्ने हुन्छ ।

**स्थानीय परिवेश, सन्दर्भ र प्रसङ्ग** : स्थानीय विषयवस्तु स्वभावले नै स्थानीय परिवेश, स्थानीय सन्दर्भ र प्रसङ्ग सापेक्ष हुन्छ। विषयवस्तुको स्वरुप र अपेक्षित सिकाइ उपलब्धिलाई स्थानीय परिवेशसंग संयोजन गर्दै स्थानीय वातावरण अनुकूल शिक्षण विधि र प्रविधिको छनौट गरी सिकाइ सहजीकरण गर्न सकिने भएकोले स्थानीय परिवेश र सन्दर्भलाई पनि विशेष ध्यान दिन आवश्यक हुन्छ ।

**सिकाइ सहजीकरण प्रक्रियामा शिक्षकको भूमिका :**

बालबालिकाले परिवार, समुदाय, साथीसङ्गी, आफ्नो वरिपरिको वातावरण तथा विभिन्न माध्यमहरुबाट आकस्मिक, अनौपचारिक तथा औपचारिक तवरबाट सिकाइ हासिल गरिरहेका हुन्छन् । स्थानीय पाठ्यक्रमले विद्यार्थीहरूको अनौपचारिक अनुभवहरूलाई औपचारिक सिकाइ कार्यक्रममा जोड्ने प्रयास गर्दछ। यो स्थानीय पाठ्यक्रमले विद्यार्थीहरुलाई जीवनोपयोगी सिप विकासका साथसाथै अर्थपूर्ण, प्रभावकारी र दीगो सिकाइमा मद्दत गर्दछ। यस पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न शिक्षकको मात्र पूर्ण अभिभारा नभई बालबालिकाहरुले सिक्ने अवयवहरु जस्तै परिवार, साथीसंगति, सरकारी तथा गैर सरकारी संस्थाहरु, स्वावलम्बी समूहहरु तथा व्यक्तिहरु आदिको भूमिका महत्वपूर्ण हुन्छ। यसक लागि शिक्षकले आफूलाई विषयवस्तुको ज्ञाता भन्दा सिकाइको सहजकर्ता, सामग्रीको स्रोत, कक्षाकोठाको व्यवस्थापक जस्ता भूमिकामा आफूलाई उभ्याउनु पर्दछ। विद्यालयले समुदायको विज्ञतालाई विद्यार्थीको सिकाइका निम्ति उचित रुपमा प्रयोग गर्नुपर्दछ। यो स्थानीय पठ्यक्रमको कार्यान्वयन पक्षलाई प्रभावकारी र बलियो बनाउन शिक्षकको भूमिका निम्नानुसारका हुनु आवश्यक छ ।

**१. सिकाइ व्यवस्थापकको रूपमा शिक्षक :**

शिक्षकले विद्यार्थीको सिकाइमा कक्षाकोठालाई मात्र प्रयोग नगरेर तथ्य विषयवस्तु विद्यार्थीमा प्रसारण गर्न परिवार र समुदायमा जोडेर सिकाइलाई व्यवस्थित बनाउन सकिन्छ । यसका लागि उचित सामग्रीको व्यवस्था, अभिभावक र समुदायका जानकार व्यक्तिलाई आमन्त्रण, सामुदायिक स्रोतको पहिचान जस्ता कार्य गर्नुपर्दछ ।

**२. सामग्रीको स्रोतको रूपमा शिक्षक :**

सामग्रीले सिकाइलाई दीगो र प्रभावकारी बनाउने कुरा सर्वविधितै छ। त्यसैले कक्षाकोठामा सिकाइ सामग्रीलाई जानकारी, तथ्य, प्रक्रिया र प्रत्यक्ष प्रयोगका साथ सिकाउनु पर्दछ । यो स्थानीय पाठ्यक्रममा राखिएका जानकारीमूलक तथ्यहरुको चित्र/ फोटो व्यवस्थापन गर्ने, विषयवस्तुका भिडियो क्लिपहरु तयार गर्ने आदि कुरामा शिक्षकले तयारी गर्नुपर्छ ।

**३. कक्षाकोठा व्यवस्थापकको रूपमा शिक्षक :**

सिकाइका क्रममा शिक्षकले मात्र सामग्री तथा विधिको छनोट गर्नुपर्छ भन्ने छैन । विद्यार्थीहरूसँग पहिले नै उक्त सिकाइसँग काम लाग्ने अनुभव हुन सक्छन् । ती अनुभवहरूलाई कक्षाकोठामा आदानप्रदान गर्ने अवसर दिनुपर्दछ । विद्यार्थीहरुका विविध अनुभवहरूलाई प्राथमिकता दिनुपर्दछ। जसले सिकाइ व्यवस्थापन सहज र सरल बन्छ। विद्यार्थी र अभिभावकलाई पनि सामग्री निर्माणमा सहभागी गराउनुपर्दछ ।

**४. विज्ञता व्यवस्थापकका रुपमा शिक्षक :**

विद्यालयले विषयवस्तुसँग सम्बन्धित विज्ञहरुको व्यवस्थापन गर्न सक्नुपर्दछ । विद्यालयसँग प्रत्यक्ष सरोकार राख्ने निकायहरु जस्तै विद्यालय व्यवस्थापन, प्रशासन, सरकारी निकायहरू, परोपकारी संस्थाहरू, सामाजिक संस्थाहरू, सामुदायिक व्यक्तिहरू, अभिभावकहरू जो पाठ्यक्रमको विषयवस्तुसँग परिचित र विज्ञता हासिल गरेका हुन सक्छन्, उनीहरुको सिकाइमा सक्रिय सहयोगले यस पाठ्यक्रममा परिकल्पना गरेबमोजिम विद्यार्थीहरूको सिकाइ प्रभावकारी हुन सक्दछ । त्यसैले समय समयमा समुदायका व्यक्तिहरूलाई स्रोत व्यक्तिकारूपमा आमन्त्रण गरी सहकार्यको वातावरण तयार गर्नुपर्दछ ।

**बिद्यार्थी मूल्याङ्कन प्रणाली :**

हाल लागू भएको आधारभूत तह कक्षा (१-३) को एकिकृत पाठ्यक्रमले निरन्तर मूल्याङ्कनलाई समसामयिक परिमार्जन गरिसकेको छ । यसको लागि सक्षमतामा आधारित पाठ्यक्रमको अवधारणा अनुरुप विद्यार्थी मूल्याङ्कन गर्नुपर्ने हुन्छ । यसो भनेको निश्चित समयावधिमा नभई नियमित, निरन्तर तथा कक्षा क्रियाकलापको अङ्गको रुपमा नै मूल्याङ्कनलाई प्रयोग गरिनुपर्छ भनिएको हो । स्थानीय पाठ्यक्रमको मूल्याङ्कन पनि यही आधारमा नै गर्नुपर्दछ । स्थानीय पाठ्यक्रमका विषयहरूमा विद्यार्थीहरूले पढेर भन्दा प्रत्यक्ष अवलोकन गरेर, पेशा व्यवसायका काम गरेर एवम् स्वयम् कार्याभ्यासमा संलग्न भएर तथा सामाजिक र सामुदायिक गतिविधिमा सहभागी भएर सिक्दछन् । यस्तो सिकाइ प्रक्रियाको मूल्याङ्कन अनौपचारिक रुपमा निरन्तर गरिनुपर्दछ । यसका लागि प्रश्नोत्तर, छलफल, क्रियाकलापहरूको अवलोकन, अभिभावक वर्गको राय प्रतिक्रिया, विद्यार्थी वर्गकै साथी समूहको राय प्रतिक्रिया आदि उपयोगी हुन्छन् । विद्यार्थीहरूलाई स्थानीय सिप सिकाउने कुरालाई जोड दिने पाठ्यक्रम भएमा उत्पादन प्रणालीसँग आबद्ध गरी अभिभावकहरूको आय आर्जनमा पनि सहयोग पुग्न सक्छ । पाठ्यक्रम बमोजिम स्थानीय पाठ्यक्रमको पनि आवधिक परीक्षाहरू समेत लिई तोकिएका ढाँचामा प्रगति अभिलेख र पोर्टफोलियोहरू पनि राख्नुपर्दछ । पाठ्यक्रमको समग्र मूल्याङ्कन भने पाठ्यक्रम निर्माण समूह, शिक्षक, विद्यार्थी, अभिभावक र अन्य सरोकारवालाहरू समेतको संयुक्त प्रयासमा अवलोकन, अन्तरक्रिया र छलफलबाट गर्न सकिन्छ । यो पाठ्यक्रम स्थानीय तहमै कार्यान्वयन गरिने भएकोले यसलाई निरन्तर अद्यावधिक (Update) पनि गर्दै लान आवश्यक छ । आवश्यक ठानिएका विषयवस्तुहरू थप गर्दै र आवश्यक नठानिएका विषयवस्तुहरू हटाउँदै जान पनि सकिन्छ । स्थानीय विषयको मूल्याङ्कन गर्दा प्रत्येक विद्यार्थीहरूको कार्यसञ्चयिका (Portfolio) व्यवस्थित गरी राख्न आवश्यक हुन्छ । सिकारुको कक्षा कार्य, उपस्थिति, परियोजना कार्य, व्यवहार अवलोकनबाट देखिएको अपेक्षित परिवर्तन, उपलब्धि परीक्षा आदिलाई अध्यावधिक गर्दै सोही आधारमा विद्यार्थीको मूल्याङ्कन गरिनुपर्छ । सिकारुको मूल्याङ्कनमा सिकाइ क्षेत्रमा प्राप्त भएको अपेक्षित ज्ञान, सिप, बुझाइ, ब्यवहारलाई आवश्यकता अनुसार विश्लेषण, मूल्याङ्कन र सिर्जनशीलता लगायतका उच्च क्षमता परीक्षण गर्नका लागि साधन तथा प्रक्रियाको अबलम्बन गर्नुपर्छ ।

**स्थानीय विषयको सम्भावित मूल्याङ्कन नमुनालाई निम्नानुसार तालिकामा देखाइएको छ ।**

| क्र.स. | मूल्याङ्कन तरिका | मूल्याङ्कन साधन |
|---|---|---|
| १ | प्रश्नोत्तर | प्रश्न चित्र, घट्ना प्रश्न, छोटा मौखिक या लिखित प्रश्न, खाली ठाउँ भर्ने, जोडा मिलाउने, ठीक/बेठीक प्रश्न, बहुबैकल्पिक प्रश्न आदि । |
| २ | अवलोकन | रुब्रिक्स, रुजुसूची, श्रेणी मापन, मौखिक प्रश्न, घट्ना वर्णन आदि । |
| ३ | परियोजना तथा प्रयोगात्मक कार्य | मौखिक प्रश्न, स्वतन्त्र अभिव्यक्ति, बूँदागत प्रस्तुति, रुब्रिक्स, रुजुसूची, श्रेणीमापन, |
| ४ | सहपाठी मूल्याङ्कन | विभिन्न खालका फाराम, रुजुसूची, श्रेणीमापन |
| ५ | अभिभावक प्रतिक्रिया | रुजु सूची, स्वतन्त्र अभिव्यक्ति, श्रेणीमापन आदि |
| ६ | कुराकानी, सोधपुछ, छलफल | रुजु सूची, श्रेणी मापन, फाराम आदि । |
| ७ | मौखिक काय | वास्तविक बस्तुस्थिति, प्रश्न, घट्ना, सन्दर्भ, श्रब्य, दृष्य, श्रब्य-दृष्य आदि । |
| ८ | लिखित काय | विभिन्न खालका प्रश्नहरू, चित्रात्मक प्रस्तुति आदि |
| ९ | व्यवहार प्रदर्शन | श्रेणी मापन, रुजुसूची, फारम, ग्राफ आदि । |

माथि उल्लिखित मूल्याङ्कनका साधन र तरिका मध्ये विषयवस्तुसँग सान्दर्भिक हुने साधनको प्रयोग गरी सिकारुको सिकाइ उपलब्धि मूल्याङ्कन गरिसकेपछि उपलब्धिलाई भने तल उल्लेख गरिएको तालिका अनुसार रेटिङ गर्नुपर्छ ।

**विद्यार्थी उपलब्धि स्तर र त्यसको सामान्य ब्याख्या**

| उपलब्धि स्तर | मापन | उपलब्धिस्तरको सामान्य ब्याख्या |
|---|---|---|
| कमजोर (Below basic) | १ | मुख्य सिकाइ उपलब्धि हासिल गर्न नसकेको, सबैजसो सिकाइ उपलब्धिका लागि सुधारात्मक सिकाइ आवश्यक भएको । |
| सामान्य (Basic) | २ | मुख्य सिकाइ उपलब्धि आंशिक रुपमा हासिल गरेको तर सुधारात्मक सिकाइ आवश्यक भएको । |
| राम्रो (Proficient) | ३ | मुख्य सिकाइ उपलब्धि हासिल गरेको । |
| उच्च (Advanced) | ४ | माथिल्लो स्तरको उपलब्धि हासिल गरेको । |

मूल्याङ्कन प्रक्रियालाई शिक्षण सिकाइको एक अभिन्न पक्ष/अङ्ग मानिएको सन्दर्भमा सुरुवाती चरणमा दैनिक कक्षा क्रियाकलापको रुपमा सिकारुको सिकाइ स्तर मूल्याङ्कन गरी सिकाइमा सुधार ल्याउने प्रयास गर्नुपर्दछ । दोस्रो चरणमा कुनै सिकाइ उपलब्धि प्राप्त भयो या भएन भनेर आवश्यकता अनुसार विभिन्न मूल्याङ्कनका साधनहरूको प्रयोग गरी विद्यार्थी मूल्याङ्कन गरी अभिलेखीकरण गर्नुपर्दछ । मूल्याङ्कन गर्दा सिकारुको उपलब्धिस्तर यदि १ या २ मात्र देखियो भने सुधारात्मक योजना बनाई कम्तिमा पनि ३ सम्म उपलब्धि स्तर पुऱ्याउनु पर्छ । विद्यार्थीहरू मध्ये सिकाइ उपलब्धि १

या २ मात्र ल्याउने र ३ वा ४ ल्याउने विद्यार्थी पहिचान गरी सुधारात्मक शिक्षण सिकाइको माध्यमबाट १ वा २ सिकाइ उपलब्धिमा सुधार ल्याउन प्रयास गर्दागर्दै त्यो प्राप्त हुन सकेन भने अपेक्षित सिकाइ उपलब्धि प्राप्त हुन नसक्नुका अन्य कारणहरू खोजी सामधानका उपायहरू पहिल्याउन शिक्षक क्रियाशील रहनुपर्दछ । सामान्यतया प्रत्येक सिकाइ उपलब्धि मापन पछि नतिजा विद्यार्थीलाई जानकारी गराउने, नतिजाको बारेमा छलफल गर्ने, विद्यार्थीलाई स्वप्रत्यावर्तनको अवसर दिने र सुधारका उपायहरु तय गर्नुपर्दछ भने प्रत्येक विषयक्षेत्र वा थिमको सिकाइपश्चात् प्रत्येक सिकाइ उपलब्धि र औषत उपलब्धि सहित अभिभावक र शिक्षकले छलफल गरी सिकाइ सुधार तथा भावी सिकाइका योजना तय गर्नुपर्दछ । प्रत्येक थिमको सिकाइपछि अभिभावकसँग छलफल गर्नु विद्यार्थीको सिकाइ सुधारका दृष्टिले उपयुक्त भएपनि छोटो छोटो समयको अन्तरालमा अभिभावकसँग छलफल सबैका लागि सम्भव नहुन सक्ने कुरालाई विचार गरेर तीनदेखि चार महिनाको अन्तरालमा सो अवधिको सिकाइ भएका थिमको मूल्याङ्कन नतिजासहित विद्यार्थीको सिकाइ प्रगति तथा कठिनाइका विषयमा अभिभावकसँग छलफल गरी आवश्यकता अनुसार सिकाइ सुधारका उपाय पहिचान गर्न सकिन्छ । नतिजा र सिकाइ सुधार तथा भावी सिकाइ योजना तय गर्दा सम्बन्धित विद्यार्थी सबल पक्ष, रूचि र कठिनाइमा ध्यान दिनुपर्छ । यसका लागि यस प्रक्रियामा विद्यार्थी पनि सहभागी गराउनुपर्छ ।

**विद्यार्थी मूल्याङ्कनको अभिलेख तथा कार्यसञ्चयिका व्यवस्थापन**

प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका फाइलमा निम्नअनुसार व्यवस्थित गरी राख्नुपर्छ :-

- विषयक्षेत्रगत रूपमा प्रत्येक थिम वा विषयक्षेत्रको मूल्याङ्कन अभिलेख विद्यार्थीको कार्यसञ्चयिका फाइलमा सिलसिलाबद्ध गरी राख्नुपर्छ ।
- कार्यसञ्चयिका फाइलमा विद्यार्थीको प्रगती स्पष्ट हुनेगरी सहयोग पुग्ने खालका विद्यार्थीका नमुना कार्य तथा सिर्जनाहरू समयबद्धरूपमा सिलसिला मिलाई राख्नुपर्छ । यसमा जुनसुकै कार्य समावेश नगरी उपलब्धि स्तर झल्काउने प्रतिनिधि कार्यहरूमा समावेश गर्नुपर्छ ।
- यसमा यतिनै कार्य समावेश गर्नुपर्छ भन्नु उपयुक्त नभएपनि विषयवस्तुको प्रत्येक क्षेत्र वा थिमबाट १ देखि ३ कार्य तथा समग्रमा विषयक्षेत्रगत रूपमा गरिने पाँचओटासम्म सिर्जनात्मक कार्य समावेश गर्नु उपयुक्त हुन सक्छ ।
- प्रत्येक विद्यार्थीको कक्षा १ मा तयार गरिएको कार्यसञ्चयिका फाइललाई नै कक्षा ३ सम्म निरन्तर गर्नुपर्छ । शिक्षक परिवर्तन भएमा फायल हस्तान्तरण गर्नुपर्छ ।

**विद्यार्थीको कार्यसञ्चयिकालाई निम्नअनुसार प्रयोग गर्न सकिन्छ** :

- शिक्षकले विद्यार्थीको सिकाइ प्रगतिको अनुगमन गर्न, सिकाइ योजना तथा सिकाइ सुधारको योजना बनाउन ।
- विद्यार्थीले आफ्नो कार्य तथा सिकाइ प्रगति तथा कमजोरीको जानकारी प्राप्त गरी सिकाइ सुधारमा लाग्न र आफ्नो कार्य र उपलब्धिबारे आत्मविश्वास पैदा गर्न तथा थप कार्य तथा उपलब्धिका लागि प्रोत्साहित हुन ।
- अभिभावक तथा विद्यार्थीले कार्य तथा सिकाइ प्रगति तथा कमजोरीको जानकारी प्राप्त गरी सिकाइ सुधारमा सहयोग गर्न ।
- विद्यालयले विद्यार्थीको सिकाइको प्रमाणका रूपमा लिई अग्रिम सिकाइ अवसर प्रदान गर्न, सबै विद्यार्थीलाई प्रोत्साहन गर्न, शिक्षक विकास तथा प्रोत्साहन कार्यको योजना गर्न र जवाफदेहिता व्यक्त गर्न ।

**स्थानीय पाठ्यक्रमको थिमगत मूल्याङ्कन फाराम**
**कक्षा १**
**हाम्रो ठुलीभेरी**

| बिषय वस्तुको क्षेत्र (थिम) | मुख्य सिकाइ उपलब्धि | सिकाइ उपलब्धि विस्तृतीकरण/उपलब्धि सुचक | नियमित पढाइ पछिको मूल्याङ्कन | | | थप सहायता पछिको मूल्याङ्कन | | | मूल्याङ्कन का साधनहरु |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | सकेको/नसकेको | मिति | अङ्कन | सकेको/नसकेको | मिति | अङ्कन | |
| नगरपालिकाको परिचय | नगरपालिकाको नाम, आफु बसेको वडाको ठेगाना, वडा अध्यक्षको नाम भन्न | नगरपालिकाको नाम भन्न वडाको नम्बर र आफू रहेको ठाउँको नाम भन्न वडा अध्यक्षको नाम भन्न | | | | | | | |
| | वडाको मुख्य बिशेषता बताउन | वडाको भूगोल जस्तै भिरालो, समथर, पाखा, जङ्गल, खोला नाला आदिको बारेमा भन्न | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| हाम्रो प्राकृतिक सम्पदा र पर्यटन | वरपरका प्राकृतिक सम्पदाको नाम भन्न प्राकृतिक सम्पदाको पहिचान गर्न | • प्राकृतिक सम्पदाहरु जस्तै वन, हिमाल, पहाड, खोला, झरना, तालको नाम भन्न<br>• नाम अनुसारको प्राकृतिक सम्पदा को पहिचान गर्न | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| हाम्रो धार्मिक र सास्कृतिक सम्पदाहरु | वरपर रहेका धार्मिक, सांस्कृतिक सम्पदाको नाम भन्न<br>धार्मिक तथा सांस्कृतिक सम्पदाको पहिचान गर्न | • धार्मिक सम्पदाहरु जस्तै मन्दिर, गुम्बा, तिर्थस्थलको नाम भन्न<br>• सांस्कृतिक सम्पदाहरुको नाम जस्तै बाजागाजा पुराना सम्पदाको नाम भन्न<br>• धार्मिक तथा सास्कृतिक सम्पदाहरुको नाम सहितको पहिचान गर्न<br>• स्थानीय बाजागाजाको प्रयोगको सामान्य अभ्यास गर्न | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| कृषि, पशुपालन र जीविकोपार्जन | कृषि, फलफूल , घरपालुवा पशुवस्तु र पन्क्षीको पहिचान तथा सामान्य अभ्यास | • आफ्नो घरवरपरको विभिन्न वालीको नाम भन्न<br>• घरवरपर पाईने र खाने फलफूल को नाम भन्न<br>• तरकारीको नाम भन्न<br>• घरका सदस्यको पेशा बताउन<br>• बगैंचामा विरुवा रोप्न, पानी हाल्न र हेरचाह गर्न | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| भाषा, साहित्य, संस्कृति र कला | समुदायमा बोलिने भाषाका नाम भन्न र बोल्न,<br>नाचगानका नाम भन्न र अभिनय गर्न,<br>स्थानीय गीत को नाम भन्न र गाउन,<br>स्थानीय पोशाकहरुको नाम भन्न | • स्थानीय भाषाको नाम भन्न र स्पष्ट रुपमा बोल्न<br>• स्थानीय नाचगानका नाम भन्न र अभिनय गर्न<br>• स्थानीय पोशाकको नाम भन्न र लिङ्ग अनुसारको पोशाक पहिचान गर्न | | | | | | | |
| स्थानीय सिप र प्रविधि | स्थानीय प्रविधि पहिचान र प्रयोग | • घर र छिमेकमा प्रयोग हुने ५ वटा रैथाने सिप र प्रविधिको नाम बताउन<br>• स्थानीय प्रविधिबाट निर्मित वा उत्पादन भएका ५ वटा सामग्रीको नाम भन्न<br>• स्थानीय प्रविधिको पहिचान गर्न | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| स्वास्थ्य, खानपिन तथा सरसफाइ | व्यक्तिगत सरसफाइ, स्थानीय खानाको पहिचान र प्रयोग तथा कक्षाकोठाको सरसफाइ | • सफा पोशाक लगाउन, हात धुन, नुहाउन, नङ काटन थाहा पाउन ।<br>• घरमा खाने स्थानीय खानाको नाम भन्न र पहिचान गर्न<br>• आफ्नो कक्षा कोठाको सरसफाइ आफै गर्न | | | | | | | |
| विपत व्यवस्थापन र सुरक्षित बिद्यालय | प्राकृतिक र मानव निर्मित विपत छुट्याउन र विपतबाट बच्ने उपाय थाहा पाउन | • प्राकृतिक प्रकोप जस्तै हुरी, बतास, बाढी, पहिरोको नाम भन्न र थाहा पाउन<br>• मानव सिर्जित विपत जस्तै आगलागी, वन फडानी, फोहोरमैलाको बारेमा थाहा पाउन<br>• विपतबाट बच्ने सामान्य उपाय भन्न | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| हाम्रा चाडपर्वहरु | आफ्नो गाउँमा हुने चाडपर्वको बारेमा परिचित हुन | • गाउँमा हुने प्रमुख ५ वटा चाडपर्वको नाम भन्न र थाहा पाउन<br>• चाडपर्वमा गरिने क्रियाकलापका बारेमा थाहा पाउन र अनुभव भन्न | | | | | | | |

# स्थानीय पाठ्यक्रमको थिमगत मूल्याङ्कन फाराम
## कक्षा २
## हाम्रो ठुलीभेरी

| बिषय वस्तुको क्षेत्र (थिम) | मुख्य सिकाइ उपलब्धि | सिकाइ उपलब्धि विस्तृतीकरण/उपलब्धि सुचक | नियमित पढाइ पछिको मूल्याङ्कन | | | थप सहायता पछिको मूल्याङ्कन | | | मूल्याङ्कन का साधनहरु |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | सकेको/नसकेको | मिति | अङ्कन | सकेको/नसकेको | मिति | अङ्कन | |
| नगरपालिकाको परिचय | नगरपालिकाको नाम, आफू बसेको वडाको ठेगाना, नगर प्रमुख र उप प्रमुखको नाम | ● नगरपालिकाको नाम भन्न वडाको नम्बर र आफू रहेको ठाँउको नाम भन्न<br>● नगर प्रमुख र उप प्रमुखको नाम भन्न र पहिचान गर्न | | | | | | | |
| | वडाको मुख्य बिशेषता बताउन र सामुदायिक संस्थाको नाम भन्न | ● वडाको भूगोल जस्तै भिरालो, समथर, पाखा, जङ्गल, खोला नाला आदिको बारेमा भन्न<br>● आफ्नो समुदायमा भएका सामुदायिक संस्थाको नाम भन्न | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| हाम्रो प्राकृतिक सम्पदा र पर्यटन | वडामा रहेका प्राकृतिक सम्पदाको नाम भन्न<br>प्राकृतिक सम्पदाको पहिचान गर्न<br>मुख्य प्राकृतिक सम्पदा पहिचान गर्न | • ५ वटा प्राकृतिक सम्पदाहरु जस्तै वन, हिमाल, पहाड, खोला, झरना, तालको नाम भन्न<br>• नाम अनुसारको प्राकृतिक सम्पदा को पहिचान गर्न<br>• भ्रमण गरेर मुख्य प्राकृतिक सम्पदाको पहिचान गर्न<br>• मानवनिर्मित सम्पदाहरुको ५ वटा नाम भन्न | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| हाम्रो धार्मिक र सास्कृतिक सम्पदाहरु | वडामा रहेका धार्मिक, सांस्कृतिक सम्पदाको नाम भन्न<br>धार्मिक तथा सांस्कृतिक सम्पदाको पहिचान गर्न | • धार्मिक सम्पदाहरु जस्तै मन्दिर, गुम्बा, तिर्थस्थलको नाम भन्न<br>• सास्कृतिक सम्पदाहरुको नाम जस्तै बाजागाजा पुराना सम्पदाको नाम भन्न<br>• धार्मिक तथा सास्कृतिक सम्पदाहरुको नाम सहितको पहिचान गर्न<br>• स्थानीय बाजागाजाको प्रयोगको सामान्य अभ्यास गर्न<br>• धार्मिक तथा सास्कृतिक सम्पदाको सरसफाइ गर्ने ज्ञान हाँसिल गर्न<br>• कुनै एक धार्मिक स्थलको बारेमा बताउन<br>• कुनै एक सम्पदाको चित्र कोर्न | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| कृषि, पशुपालन र जीविकोपार्जन | स्थानीय प्रमुख अन्नबाली, तरकारी बाली र फलफूल बालीको बारेमा थाहा पाउन<br><br>घरपालुवा जनावर र पन्छीको बारेमा थाहा पाउन<br><br>पेशा, व्यबसाय र मुख्य काम थाहा पाउन | • प्रमुख अन्नबालीको नाम र उपयोग भन्न<br>• प्रमुख तरकारी बालीको नाम र उपयोग भन्न<br>• स्थानीय फलफूलको नाम र प्रयोग भन्न<br>• घर र छिमेकीको पेशा बताउन<br>• बगैंचामा विरुवा रोप्न, पानी हाल्न र हेरचाह गर्न<br>• घरपालुवा जनावरको र पन्छीको नाम र उपयोग भन्न | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| भाषा, साहित्य, संस्कृति र कला | समुदायमा बोलिने भाषाका नाम भन्न र बोल्न, नाचगानका नाम भन्न र अभिनय गर्न, स्थानीय गीतको नाम भन्न र गाउन, स्थानीय पोशाकहरुको नाम भन्न | • स्थानीय भाषाको नाम भन्न र स्पष्ट रुपमा बोल्न र नेपाली र अंग्रेजीमा अनुवाद गर्न<br>• स्थानीय नाचगानका नाम भन्न र अभिनय गर्न र अनुभव भन्न<br>• स्थानीय पोशाकको नाम भन्न र लिङ्ग अनुसारको पोशाक पहिचान गर्न<br>• अभिभावकबाट पुराना कथा सुनेर भन्न | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| स्थानीय सिप र प्रविधि | स्थानीय प्रविधि पहिचान र प्रयोग | • समुदायमा भएका ५ वटा रैथाने सिप र प्रविधिको नाम बताउन<br>• स्थानीय प्रविधिबाट निर्मित वा उत्पादन भएका ५ वटा सामग्रीको नाम भन्न<br>• स्थानीय प्रविधिको पहिचान गर्न<br>• स्थानीय सिप र प्रविधिको चित्र कोर्न र बर्णन गर्न<br>• अभिभावकसंग रैथाने सिपको बारेमा जानकारी लिन र बताउन | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| स्वास्थ्य खानपिन तथा सरसफाइ | व्यक्तिगत सरसफाइ, स्थानीय खानाको पहिचान र प्रयोग तथा घर, कोठा र कक्षा कोठाको सरसफाइ र स्थानीय खाना तयारी र अनुभव | • सफा पोशाक लगाउन, हात धुन, नुहाउन, नङ काट्न थाहा पाउने र प्रयोग गर्ने ।<br>• घरमा खाने स्थानीय खानाको नाम भन्न र पहिचान गर्न तथा उपयोग गर्न<br>• आफ्नो कक्षा कोठाको सरसफाइ, आफ्नो कोठाको सफाइ आफै गर्न<br>• स्थानीय खानाहरु बनाउने सामान्य तरिका थाहा पाउन र अनुभव भन्न<br>• सरसफाइको चेकजाँच गर्न जस्तै सफा, फोहोर आदि छुट्याउन | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| विपत व्यवस्थापन र सुरक्षित विद्यालय | आफू बस्ने क्षेत्रमा विपतको घटना हुन सक्ने समय आँकलन गर्न, असर थाहा पाउन, सुरक्षित हुने उपाय बारे जानकार हुन र विपत के हो थाहा पाउन | • स्थानीय स्तरमा हुने प्राकृतिक प्रकोप जस्तै हुरी बतास, बाढी, पहिरोको नाम भन्न र थाहा पाउन<br>• मानव सिर्जित विपत जस्तै आगलागी, वन फडानी, फोहोरमैलाको बारेमा थाहा पाउन<br>• विपतबाट बच्ने सामान्य उपाय भन्न र पूर्वअभ्यास गर्न<br>• विपतका घटनाहरुको बारेमा अभिभावकसंग छलफल गरी अनुभव भन्न | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| हाम्रा चाडपर्वहरु | आफ्नो गाउँमा हुने चाडपर्वको बारेमा परिचित हुन | • गाउँमा हुने प्रमुख ५ वटा चाडपर्वको नाम भन्न र थाहा पाउन<br>• चाडपर्वमा गरिने क्रियाकलापका बारेमा थाहा पाउन र अनुभव भन्न<br>• वडामा मनाइने चाडपर्वको बारेमा भूमिका अभिनय गर्न<br>• चाडपर्वका बारेमा अभिभावकसंग सोधेर जानकारी लिन र कक्षाकोठामा छलफल गर्न<br>• स्थानीय कुनै एक चाडपर्वको महत्व बताउन | | | | | | | |

## स्थानीय पाठ्यक्रमको थिमगत मूल्याङ्कन फाराम
## कक्षा ३
## हाम्रो ठुलीभेरी

| बिषय वस्तुको क्षेत्र (थिम) | मुख्य सिकाइ उपलब्धि | सिकाइ उपलब्धि विस्तृतीकरण/उपलब्धि सुचक | नियमित पढाइ पछिको मूल्याङ्कन | | | थप सहायता पछिको मूल्याङ्कन | | | मूल्याङ्कन का साधनहरु |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | सकेको/नसकेको | मिति | अङ्कन | सकेको/नसकेको | मिति | अङ्कन | |
| नगरपालिकाको परिचय | नगरपालिकाको मुख्य विशेषता, सिमाना, वडा संख्या र सामुदायिक संस्थाहरुको पहिचान | ● नगरपालिकाको सिमाना भन्न<br>● नगरपालिका भित्रका वडा संख्या भन्न<br>● नगरपालिकाको मुख्य विशेषता भन्न र थाहा पाउन<br>● नगर प्रमुख र उप-प्रमुखको नाम तथा वडा अध्यक्षका नाम भन्न<br>● वडाका सामुदायिक संस्थाहरुको नाम भन्न र चिन्न | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| हाम्रो प्राकृतिक सम्पदा र पर्यटन | नगरपालिकामा रहेका मुख्य प्राकृतिक सम्पदाको पहिचान तथा जिल्लाका प्रमुख २ वटा प्राकृतिक सम्पदाको पहिचान<br><br>यार्चागुम्बाको बारेमा जानकारी | • नगरपालिका भित्रका ५ वटा मुख्य प्राकृतिक सम्पदाहरु जस्तै वन, हिमाल, पहाड, खोला, झरना, तालको पहिचान गर्न<br>• बिद्यालय नजिकका सुरक्षित कुनै एक प्राकृतिक सम्पदाको भ्रमण र बर्णन गर्न<br>• नगरपालिका भित्रको कुनै एक पर्यटकीय क्षेत्रको बारेमा बताउन<br>• नगरपालिका भित्रका यार्चागुम्बा पाउने ठाउँहरु बताउन र उपयोगको बारेमा भन्न | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| हाम्रो धार्मिक र सास्कृतिक सम्पदाहरु | नगरपालिका भित्रका मुख्य धार्मिक र सांकृतिक सम्पदाको बारेमा जान्न तथा संरक्षणका बारेमा थाहा पाउन | ● नगरपालिका भित्रका प्रमुख ५ वटा धार्मिक स्थलको बारेमा परिचित हुन ।<br>● नगरपालिका भित्रका सास्कृतिक सम्पदाहरुको नाम सहितको पहिचान गर्न<br>● नगरपालिका भित्रका प्रमुख स्थानीय बाजागाजाको पहिचान र सामान्य प्रयोग गर्न<br>● स्थानीय बाजागाजाहरुको पहिचान र प्रयोग तथा बर्णन गर्न | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| कृषि, पशुपालन र जीविकोपार्जन | नगरपालिका भित्रका प्रमुख अन्नबाली, तरकारी बाली र फलफूल बालीको बारेमा थाहा पाउन<br><br>नगरपालिका भित्रका घरपालुवा जनावर र पन्क्षीको बारेमा थाहा पाउन<br><br>पेशा, व्यबसाय र मुख्य काम थाहा पाउन | ● नगरपालिका भित्रका प्रमुख अन्नबालीको नाम र उपयोग भन्न<br>● नगरपालिका भित्रका प्रमुख तरकारी बालीको नाम र उपयोग भन्न<br>● नगरपालिका भित्रका प्रमुख फलफूलको नाम र प्रयोग भन्न<br>● कृषि, पशुपालन र अन्य पेशाका बारेमा परिचित हुन<br>● बगैंचामा विरुवा रोप्न, पानी हाल्न र संरक्षण गर्न<br>● घरपालुवा जनावरको र पन्क्षीको बारेमा बर्णन गर्न र महत्व बताउन | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| भाषा, साहित्य, संस्कृति र कला | नगरपालिका भित्रका प्रचलित विभिन्न भाषाको ज्ञान, मुख्य रैथाने नाचगानहरु, पुराना लोक कथाहरु, पोशाकहरुको बारे जानकारी पाउन | ● नगरपालिका भित्र बोलिने स्थानीय मातृ भाषाको नाम भन्न र सामान्य शब्दहरु बोल्न तथा नेपाली भाषामा समानता पहिचान गर्न ।<br>● नगरपालिका भित्रका रैथाने नाचगानका बारेमा थाहा पाउन र अनुभव भन्न तथा अभिनय गर्न<br>● स्थानीय पोशाकको नाम भन्न र लिङ्ग अनुसारको पोशाक पहिचान गर्न<br>● अभिभावकबाट पुराना लोककथा सुनेर बर्णन गर्न ।<br>● पुराना कथा, गीत लेखेर प्रर्दशनी गर्न । | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| स्थानीय सिप र प्रविधि | नगरपालिका भित्रको स्थानीय रैथाने प्रविधि पहिचान र प्रयोग | • समुदायमा भएका ५ वटा रैथाने सिप र प्रविधिको बारेमा बताउन<br>• स्थानीय प्रविधिबाट निर्मित वा उत्पादन भएका ५ वटा सामग्रीको बर्णन गर्न<br>• स्थानीय प्रविधिको पहिचान गर्न र अनुभव भन्न<br>• स्थानीय सिप र प्रविधिको चित्र सहितको लेखन र प्रर्दशनी गर्न<br>• अभिभावकसंग रैथाने सिपको बारेमा जानकारी लिन र बताउन<br>• कुनै २ वटा रैथाने सीपको अवलोकन र बर्णन गर्न | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| स्वास्थ्य खानपिन तथा सरसफाइ | स्थानीय रैथाने उत्पादनको खानाको महत्व, घरयासी सरसफाइ, स्वस्थ रहन योग, ध्यान, उपासना, खेलका बारेमा थाहा पाउन | • आफ्नै बारीमा उत्पादन हुने अन्न, तरकारी, फलफूलको प्रयोग र फाइदाका बारेमा भन्न ।<br>• जङफुड प्रयोगको बेफाइदाहरुका बारेमा भन्न ।<br>• घरमा खाने स्थानीय खानाको नाम भन्न र पहिचान गर्न तथा उपयोग गर्न<br>• व्यक्तिगत, घरायासी र बिद्यालयको सरसफाइको बारेमा भन्न र सरिक हुन<br>• सरसफाइको चेकजाँच गर्न जस्तै सफा, फोहोर आदि छुट्याउन<br>• सफा र फोहोर बिचको भिन्नता बताउन र कुन ठीक हो भनेर भन्न । | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| विपत व्यवस्थापन र सुरक्षित बिद्यालय | आफू बस्ने क्षेत्रमा विपतको घटना हुन सक्ने समय आँकलन गर्न, असर थाहा पाउन, सुरक्षित हुने उपाय बारे जानकार हुन र विपत के हो थाहा पाउन | • स्थानीय स्तरमा हुने प्राकृतिक प्रकोप जस्तै हुरी, बतास, बाढी, पहिरोको नाम भन्न र थाहा पाउन<br>• वन जंगलको फडानी, आगलागी जस्ता घटनाहरुको असर बताउन ।<br>• मानव सिर्जित विपत जस्तै आगलागी, वन फडानी, फोहोरमैलाको बारेमा थाहा पाउन<br>• विपतबाट बच्ने सामान्य उपाय भन्न र पूर्वअभ्यास गर्न<br>• विपतका घटनाहरुको बारेमा अभिभावकसंग छलफल गरी अनुभव भन्न | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| हाम्रा चाडपर्वहरु | आफ्नो वडामा हुने प्रमुख स्थानीय चाडपर्वको बारेमा परिचित हुन र विशेषता थाहा पाउन | ● नगरपालिका भित्र हुने प्रमुख ५ वटा चाडपर्वको नाम भन्न र थाहा पाउन<br>● प्रमुख स्थानीय चाडपर्वमा गरिने क्रियाकलापका बारेमा थाहा पाउन र अनुभव भन्न<br>● नगरपालिका भित्र मनाइने चाडपर्वको बारेमा भूमिका अभिनय गर्न<br>● चाडपर्वका बारेमा अभिभावकसंग सोधेर जानकारी लिन र कक्षाकोठामा छलफल गर्न<br>● नगरपालिका भित्रको मुख्य कुनै एक चाडपर्वको महत्व बताउन | | | | | | | |

विषयक्षेत्र तथा थिमगत सिकाइ उपलब्धि अङ्कन गरी सकेपछि बिषय क्षेत्र तथा थिमको समग्र उपलब्धि प्रतिशत निम्नानुसार निकाल्नु पर्दछ ।

| | | |
|---|---|---|
| क्षेत्रगत वा थिमगत | उपलब्धिहरुको अङ्कको जोड | १०० |
| उपलब्धि प्रतिशत | ४ * मूल्याङ्कन गरिएका सिकाइ उपलब्धिको संख्या | |

कक्षाको अन्तमा सबै सिकाइ उपलब्धिमा प्राप्त उपलब्धिस्तरको अङ्कका आधारमा विद्यार्थीको बिषयक्षेत्रगत समग्र उपलब्धी निर्धारण गर्न सकिन्छ । बिषयक्षेत्रको समग्र उपलब्धि प्रतिशत निम्नानुसार निकाल्नु पर्दछ ।

| | | |
|---|---|---|
| बिषयगत समग्र | उपलब्धिहरुको अङ्कको जोड | १०० |
| उपलब्धि प्रतिशत | ४ * मूल्याङ्कन गरिएका सिकाइ उपलब्धिको संख्या | |

उपलब्धि प्रतिशतलाई अक्षराङ्कन संग मिलान गरी निम्नानुसार प्रस्तुत गर्नुपर्ने हुन्छ ।

| **उपब्धि प्रतिशत** | **स्तरीकृत अङ्क** | **अक्षरमा उपलब्धिस्तर** | **उपलब्धिस्तरको व्याख्या** |
|---|---|---|---|
| ९० भन्दा माथि | ४ | A+ | सर्वोत्तम (Outstanding) |
| ८० र सो भन्दा माथि ९० भन्दा कम | ३.६ | A | अत्यूतम (Excellent) |
| ७० र सो भन्दा माथि ८० भन्दा कम | ३.२ | B+ | उत्कृष्ट (Very Good |
| ६० र सो भन्दा माथि ७० भन्दा कम | २.८ | B | उत्तम (Good) |
| ५० र सो भन्दा माथि ६० भन्दा कम | २.४ | C+ | सन्तोषजनक (Satisfactory) |
| ४० र सो भन्दा माथि ५० भन्दा कम | २.० | C | ग्राह्य (Acceptable) |
| २५ र सो भन्दा माथि ४० भन्दा कम | १.६ | D | आधारभूत (Bsic) |
| २५ भन्दा कम | - | NG | अवर्गीकृत (Not Graded) |

**स्थानीय विषय शिक्षण गर्ने शिक्षकलाई सल्लाह र सुझाव**

स्थानीय पाठ्यक्रम स्थानीय आवश्यकताका कुराहरू समेटी आफ्नो मौलिक कला, संस्कृति र रैथाने पेशासंग चासो बढाउन स्थानीय सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्दै स्थानीय तहमै निर्माण गरी कार्यान्वयन गर्ने पाठ्यक्रम पनि हो । यो विकेन्द्रित पाठ्यक्रम हो । स्थानीय आवश्यकतालाई दृष्टिगत गरी तयार गरिने स्थानीय पाठ्यक्रम कार्यान्वयन गर्न त्यति सजिलो हुदैन । सम्पूर्ण सरोकारवालाहरूको विश्वास जित्न सकेको खण्डमा यसको कार्यान्वयन त्यति गारो पनि देखिदैन । स्थानीय पाठ्यक्रम स्थानीय स्रोत साधनकै प्रयोग गरेर कार्यान्वयन गर्न सकिने भएकाले यो सहज पनि हुन्छ । यसमा स्थानीय विज्ञताको अधिकतम प्रयोग गरिन्छ । पाठ्यक्रम तयार भएपछि पाठ्यपुस्तक नै नभए पनि पाठ्यक्रम कार्यान्वयन गर्न विद्यार्थी र शिक्षकको संयुक्त प्रयास हुँदा सजिलै सकिन्छ । ठुलीभेरी नगरपालिकाका प्रत्येक टोलटोल र गाउँगाउँमा फरक फरक संस्कृति, रीतिरिवाज र परम्परा पाइन्छन् । भौगालिक परिवेश, जातजाति, संस्कार एवम संस्कृति र मूल्यमान्यतामा पनि विविधता पाइन्छ । यो नगरपालिकामा प्राकृतिक स्रोत साधन, पर्यटकीय सम्भावना, जातिगत विशिष्टताले धनी छ । प्रशस्त जनशक्ति भएर पनि तिनलाई आर्थिक विकासको मूल धारमा ल्याउन सकिएको छैन । स्वरोजगारीको सिर्जना गर्नेभन्दा अरुले सिर्जना गरिदिएको रोजगारीमा मजदुरी गर्ने खालका जनशक्ति दिनानुदिन बढ्दै गइरहेको अवस्था छ । हामीले बालबालिकालाई स्थानीय सामाजिक, आर्थिक, सांस्कृतिक एवम् धार्मिक अवस्था र महत्वका बारेमा पनि सिकाउनुपर्ने हुन्छ । स्थानीय स्रोत साधनको अधिकतम परिचालन गरी व्यक्तिलाई आर्थिक विकासमा सक्षम बनाउने कार्यमा स्थानीय पाठ्यक्रमको अहम् भूमिका रहेको हुन्छ । स्थानीय पेशा, व्यावसाय तथा जीविकोपार्जनमा सिकारुलाई सहभागी गराउन पनि यो स्थानीय पाठ्यक्रम उपयोगीसिद्ध हुनेछ । त्यसैले यस्ता स्थानीय पक्षलाई समेटेर बालबालिकालाई सिकाउनको निम्ति यो स्थानीय पाठ्यक्रम तयार पारिएको हो । यो पाठ्यक्रमको नमुनामा कुनै स्थान विशेष नतोकिएको हुनाले केही सामान्य जस्तो देखिन्छ । स्थानीय पाठ्यक्रमले निर्दिष्ट गरेका कतिपय विषयवस्तुहरू आवश्यक स्रोत सामग्रीहरूको खोजी गरी उपयोगमा ल्याउनुपर्ने हुन्छ । यसको लागि आवश्यक स्रोत साधनको खोजी गर्न समेत क्रियाशील हुन आवश्यक छ । विद्यार्थीले प्रत्यक्ष भाग लिएर वा सम्बन्धित व्यक्ति वा विज्ञ व्यक्तिहरूसँग छलफल गरेर पाठ्यक्रमका निर्धारित ज्ञान, सिप र अभिवृत्ति हासिल गर्न सक्नेछन् ।

स्थानीय विषय शिक्षण गर्ने शिक्षकहरूले मूलतः निम्न कुराहरूमा ध्यान दिन आवश्यक हुन्छ ।

- स्थानीय विषयले निर्दिष्ट गरेको क्षेत्र, क्रम र उद्देश्यलाई केन्द्रविन्दुमा राखेर सिकारुको व्यक्तिगत विभिन्नता र सामाजिक विविधता अनुरुपको पाठ्यवस्तुलाई प्रोत्साहन गर्ने,
- स्थानीय पाठ्यक्रमका मिल्ने थिमलाई एकीकृत पाठ्यक्रम कक्षा (१-३) को साझा थिमसंग एकाकार गरी एकीकृत शिक्षण सिकाइ क्रियाकलापका योजनाहरु निर्माण गर्ने र कार्यान्वयन गर्ने,
- सान्दर्भिक स्थानीय विषयवस्तु र आवश्यकतालाई जोड्दै सिकारुको सक्रिय सहभागिता बढाउन विशेष ध्यान दिने,
- स्थानीय पेशा, ब्यावसाय, समाज, संस्कृति, भूगोल, जातिगत र भाषागत अवस्थाको आधारमा सिकारुको अपनत्व हुनेखालको शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने,
- पाठ्यक्रमको मर्म र भावना अनुसार कक्षागत रुपमा सामान्यबाट जटिलतर्फका विषयवस्तुहरूको सोपान मिलाएर शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने,
- कक्षाकोठाभित्र सिकाइका लागि गर्न सकिने क्रियाकलापहरू: समूह कार्य, छलफल, प्रश्नोत्तर, अन्तरक्रिया, ब्याख्या, ICT को प्रयोग, अभिनय, नाटक आदिलाई शिक्षण सिकाइसँग जोड्दै सिकाइको प्रभावकारितामा ध्यान दिने,
- कक्षाकोठा बाहिर सिकाइका लागि गर्न सकिने क्रियाकलापहरू: परियोजना कार्य, सामुदायिक कार्य, कार्यमूलक अनुसन्धान, क्षेत्र भ्रमण, प्रत्यक्ष अवलोकन, बाल अनुसन्धान, घट्ना अध्ययन, विभिन्न व्यक्तिहरूसँग प्रत्यक्ष कुराकानी, लक्षित समूह छलफल आदि पक्षमा पाठ्यक्रमका उद्देश्य सम्बन्धित गराई शिक्षण सिकाइ क्रियकालापलाई प्रभावकारी बनाउन प्रयत्नरत रहने,
- मूल्याङ्कनका लागि पेपर-पेन्सिल टेस्ट भन्दा पनि निरन्तर अभ्यास एवम् परियोजना कार्य तथा सिकारुको अभिव्यक्ति र व्यवहार परिवर्तनको अवस्थालाई ख्याल गर्ने,

- विभिन्न स्रोत सामग्री संकलन गरी पाठ्यक्रमले निर्दिष्ट गरेका सिकाइ सक्षमता प्राप्तिका लागि प्रयत्नशील रहने,
- मूल्याङ्कन गर्दा सिकारुको कार्यलाई प्रशंसा गर्ने, सिर्जनात्मक अभिव्यक्ति र अभ्यासात्मक क्रियाकलापको जगमा सिकारुले प्राप्त गरेको ज्ञान, सिप, अभिवृत्ति र व्यावहारिक पक्षलाई आँकलन गर्ने,
- स्थानीय विषय पढाउने शिक्षकहरूवीच अनुभव आदान-प्रदान गरी आइपरेका समस्याहरू हल गर्न हरदम क्रियाशील रहने,
- पाठ्यक्रमलाई समसामयिक बनाउन आवश्यक महसुस भएको अवस्थामा पालिकास्तरीय छलफल गरी आवश्यक परिमार्जन गर्न पहल गर्ने,
- आचरण, नैतिक मूल्यमान्यता, अनुशासन तथा सभ्यता सम्बन्धी पक्षहरूमा आफू र सिकारु दुवैको भूमिकालाई समन्वयात्मक ढंगले विकास र विस्तार गर्न प्रयत्नशील रहने,

## बिद्यार्थीको व्यक्तिगत विवरण

### १. बिद्यार्थीको वैयक्तिक तथा पारिवारिक विवरण

क) बिद्यालयको नाम :

ख) ठेगाना :

ग) बिद्यार्थीको नाम :

घ) जन्म मिति :

ङ) बिद्यार्थीको ठेगाना :

च) पारिवारिक विवरण :

अ) आमाको नाम : पेशा : सम्पर्क नम्बर :

आ) बाबुको नाम : पेशा : सम्पर्क नम्बर :

छ) बाबुआमा बाहेक अन्य कसैले अभिभावकत्व लिएको भएमा

अ) अभिभावकको नाम : पेशा : सम्पर्क नम्बर :

आ) बिद्यार्थीसंगको नाता :

ज) बिद्यालय भर्ना मिति र कक्षा :

झ) मातृभाषा, घरपरिवारमा बोलिने भाषा र अन्य भाषिक क्षमता :

ञ) अघिल्लो कक्षामा भर्ना भएको अनुभव :

### २. स्वास्थ्य सम्बन्धी विवरण

क) तौल र उचाई

ख) कुनै विशेष रोग भएमा सोको रिपोर्ट :

ग) अपाङ्गता भएमा सोको विवरण :

घ) अन्य स्वास्थ्य विवरण भएमा :

**अनुसूची १**

**ठुलीभेरी नगरपालिकाको परिचय ठुलीभेरी नगरपालिकाको परिचय**

| क्र.सं. | विषयवस्तु | विवरण |
|---|---|---|
| १ | नगरपालिकाको नाम | ठुलीभेरी नगरपालिका |
| २ | नगरपालिका रहेको प्रदेश | कर्णाली |
| ३ | नगरपपालिका रहेको जिल्ला | डोल्पा |
| ४ | नगरपालिकाको केन्द्र | ठुलीभेरी नगरपालिका ७, जुफाल |
| ५ | नगरपालिकाको स्थापना मिति | २०७३ फाल्गुन २७ गते |
| ६ | भौगोलिक अबस्थिति | २८.५६ डिग्रि देखि २८.९९ डिग्रि उत्तरी अक्षांश र<br>८२.५४ डिग्रि देखि ८२.९० डिग्रि पूर्वी देशान्तरसम्म<br>उचाइ : समुद्री सतहबाट १९०० मी. को उचाइ देखि ५००० मिटर |
| ७ | सिमाना र क्षेत्रफल | उत्तर : शे फोक्सुण्डो गाउपालिका<br>दक्षिण : रुकुम जिल्लाको सिमाना<br>पूर्व : काइके गाउपालिका<br>पश्चिम :त्रिपुरासुन्दरी नगरपालिका<br>क्षेत्रफल : ४२१.३४ वर्ग किलोमिटर |
| ८ | हावापानी | ठण्डा समशीतोष्ण र लेकाली हावापानी |
| ९ | नगरपालिकाका मुख्य गाउँहरु | थाला, लोचा, कुम्ली, कर्प, दुनै, तिप्ला, रह, परिला, कागनी, फुनल्दुवा, मोतीपुर, डाँगीबाडा, जुफाल, हुँ, लाहारा, माझफाल, दुरगाउँ, थरगाउँ, ताली |
| १० | वडा संख्या | ११ |
| ११ | नगरपालिकाको सिमाना जोडिएका पालिकाहरु | पूर्व : काइके गाउँपालिका<br>पश्चिम : त्रिपुरासुन्दरी नगरपालिका<br>उत्तर : शे-फोक्सुण्डो गाउँपालिका<br>दक्षिण : छैन । |
| १२ | मुख्य समुदाय | क्षेत्री, बाहुन, दलित, जनजाति |
| १३ | धर्महरु | हिन्दु, बौद्ध |
| १४ | जम्म जनसंख्या | जम्मा : ९६८१ जना<br>महिला : ४९१४ जना<br>पुरुष : ४९४७ जना |
| १५ | जम्मा घरधुरी | २३२७ |
| १६ | सबैभन्दा ठुलो वडा<br>जनसख्याको हिसाबमा<br>क्षेत्रफलको हिसाबमा | <br>वडा नं ३<br>वडा नं ६ |

| | | |
|---|---|---|
| १७ | सबैभन्दा सानो वडा<br>जनसख्याको हिसाबमा<br>क्षेत्रफलको हिसाबमा | <br>वडा नं १०<br>वडा नं ९ |

**अनुसुची २**

**नगरपालिकाका विभिन्न वडा र कार्यालय भएको स्थान**

| वडा नं | वडा कार्यालय भएको स्थान | वडा नं | वडा कार्यालय भएको स्थान |
|---|---|---|---|
| १ | थाला | ७ | जुफाल |
| २ | लोचा | ८ | डाँगीबाडा |
| ३ | दुनै | ९ | मोतिपुर |
| ४ | तिप्ला | १० | परिला |
| ५ | माझ्फाल | ११ | रह |
| ६ | दुरगाउँ | | |

**अनुसुची ३**

**ठुलीभेरी नगरपालिकाका प्राकृतिक सम्पदाहरु**

| क्र.स. | विषयवस्तु | विवरण |
|---|---|---|
| १ | मुख्य प्राकृतिक वनस्पति | सल्ला, धुपी, देवद्यार (द्यार), पिपल, भोजपत्र, ठिङ, खर्सु, लालीगुँरास, खस्रु,, पिपल, चिमाल, पाते, ऐँसेलु, चुत्रो, चिमाल, जैथुन, डालेचुक, |
| २ | पहाड, हिमाल | तामखानी, नन्दे हिमाल, माटे हिमाल, सुम्से हिमाल, दुना हिमाल, सिसोल हिमाल, चानकुन्ना हिमाल, साइक्वारी हिमाल, ठाँगे हिमाल, सिस्ने हिमाल, तोरीद्धवारी हिमाल, ग्यालबारा लेक, |
| ३ | मुख्य यार्चागुम्बा पाटन | साइक्वारी, पोकेपानी, बागडाडाँडा, ग्यालबारा, रुपपाटन, ठाँगे |
| ४ | खोला, नदीहरु | माझ्वन खोला, पाक्चु खोला, सानी खोला, मदाने खोला, आँखे खोला, दयारा खोला, रुपगाड, भेत्ति खोला, ठुलीभेरी नदि (भैरवी नदि), पाल्चा खोला, जैरीगाड, सुलिगाड, रोलागाड, लोचा खोला, तिप्ला खोला |
| ५ | जङ्गली जनावरहरु | नावर, घोरल, झारल, भालु, थार, स्याल, ब्वाँसो, खरायो , हिउँचितुवा, आदि |
| ६ | चराचुरुङ्गीहरु | कालिज, डाँफे, च्याखुरा, ढुकुर, काग, चिल, परेवा, कलचुण्डे, चुचुवा, फुर्के, वनकुखुरा, काडे भ्याकुर, फङ्रास आदि |
| ७ | मुख्य जडिबुटीहरु | यार्चागुम्बा, कुरिलो, जटामसि (भुल्ते), सतुवा, तितो, खिरौलो, पाषणवेद आदि |
| ८ | झरना, तालतलैया | पाक्चुखोला झरना, छराखोला झरना, चौरीरमाना झरना, तिप्लाखोला झरना, खोरखोला झरना, थरगाउँखोला झरना, छमकुनी ताल, सुन्दह, माटे ताल, शिवपार्वती ताल, लामखानी ताल आदि |

**अनुसुची ४**

**ठुलीभेरी नगरपालिकाका नगर प्रमुख, नगर उप-प्रमुख र वडा अध्यक्षहरुको विवरण (२०७९ जेठ)**

| क्र.स. | नाम | पद | ठेगाना |
|---|---|---|---|
| १ | श्ववर्ण कुमार बढा | नगर प्रमुख | |
| २ | छिरिङ टोल्मा महत | नगर उप-प्रमुख | |
| ३ | तेजेन्द्र बहादुर रोकाया | वडा अध्यक्ष | वडा नं १, थाला |
| ४ | कमल बहादुर क्षेत्री | वडा अध्यक्ष | वडा नं २ लोचा |
| ५ | भक्त बहादुर भण्डारी | वडा अध्यक्ष | वडा नं ३, दुनै |
| ६ | जुद्ध बहादुर बुढा | वडा अध्यक्ष | वडा नं ४, तिप्ला |
| ७ | भिम बहादुर रोकाया | वडा अध्यक्ष | वडा नं ५, माझफाल |
| ८ | तेजेन्द्र कार्की | वडा अध्यक्ष | वडा नं ६, दुरगाउँ |
| ९ | धुर्व विक्रम शाही | वडा अध्यक्ष | वडा नं ७, जुफाल |
| १० | मनराम ठकुल्ला | वडा अध्यक्ष | वडा नं ८, डाँगीबाडा |
| ११ | सुवास कठायत | वडा अध्यक्ष | वडा नं ९, मोतिपुर |
| १२ | हर्षरुप महत | वडा अध्यक्ष | वडा नं १०, परिला |
| १३ | भद्र बहादुर कार्की | वडा अध्यक्ष | वडा नं ११, रह |

**अनुसुची ५**

**ठुलीभेरी नगरपालिकाका कृषि उपजहरु**

| क्र.स. | किसिम | बालीहरु |
|---|---|---|
| १ | अन्नबाली | मकै, कोदो, फापर, चिनु, कागुनो, गहुँ, जौं, उवा, धान, मिठे फापर |
| २ | दलहन बाली | सिमी, मास, गहत, केराउ, |
| ३ | तेलहन बाली | भट्टमास, तोरी, ओखर, आरु |
| ४ | तरकारी बाली | आलु, काउली, बन्दा, रायो, गोलभेडा, मुला, गाँजर, धनिया, खुर्सानी, फर्सी, खुर्सानी |
| ५ | फलफूल | ओखर, स्याउ, नास्पाती, आरु, खुर्पानी, आरुपोखरा, कागती, भोगटे, सुन्तला, अमिलो |
| ६ | घरपालुवा पशुहरु | गाई, भैसी, चौरी, झोवा, भेडा, बाख्रा, बंगुर |
| ७ | घरपालुवा पन्क्षीहरु | कुखुरा, हाँस, परेवा, टर्की |

**अनुसुची ६**

**विभिन्न चाडपर्वहरु र स्थानीय बाजागाजाहरु तथा नाचगान र गीतहरु**

चैती, माघेसंक्रान्ति, दशै, तिहार, साउने संक्रान्ति, भाद्र पूर्णिमा, तिज, चैते दशै ।

**विभिन्न स्थानीय बाजागाजाहरु**

झ्याली, मादल, दमाहा, शङ्ख, बासुरी, भुकुर, सनइ, निउर, चाप,

**स्थानीय नाचहरु**

पैसेरी नाच, लहरे नाच, खण्ड नाच, खुकुरी नाच, झ्याउरे नाच, चुटकिला नाच, धामी नाच, मागल नाच

**स्थानीय गीतहरु**

पैसेरी गीत, मागल, भैलो, झ्याउरे गीत, चुटकिला

**अनुसुची ७**

**मुख्य मठमन्दिर तथा धार्मिक स्थलहरु**

मष्ठा भवानीको मन्दिर, जुफाल,
कालिका मन्दिर, दुनै
केन्द्रीय गुम्वा, दुनै
देवीमन्दिर, भवानी मन्दिर, कैलाश मन्दिर, भयार मन्दिर
बोन्मो गुम्बा
लामापाईला स्तुपा
चर्च, दुने
मन्मा थान, देवी मन्दिर थाला
साईक्वारी तिर्थस्थल, सुन्दह तिर्थस्थल, ग्यालबारा तिर्थस्थल आदि
(स्थानीय परिवेश अनुसार आफ्नो ठाउँको धार्मिक स्थलहरुको बारेमा जानकारी दिने)

**अनुसुची ८**

**स्थानीय रैथाने प्रविधि र सीप**

| क्र.स. | प्रविधि र सीप | उत्पादनहरु |
|---|---|---|
| १ | पानी घट्ट | विभिन्न अन्नहरु पिस्ने र पिठो उत्पादन गर्ने |
| २ | चान बुन्ने | राडी पाखी निर्माण गर्ने |
| ३ | तान बुन्ने | उनका कपडाहरु तयार गर्ने |
| ४ | जाँतो, ओखल, ढिकी | अनाजहरु पिस्ने, चिनु वा धान कुट्ने आदि |
| ५ | आरन | फलामका भाडाँकुडा बनाउने |

**अनुसुची ९**

**जिल्लाका मुख्य पर्यटकीय क्षेत्र**

| क्र.स. | पर्यटकीय क्षेत्र | स्थान |
|---|---|---|
| १ | त्रिपुरासुन्दरी मन्दिर (धार्मिक) | त्रिपुराकोट वगर, त्रिपुरासुन्दरी १ |
| २ | शे-गुम्बा (धार्मिक) | शेफोक्सुण्डो ४, शे |
| ३ | सुलिगाड झरना (प्राकृतिक) | शेफोक्सुण्डो ८, रिग्मो |
| ४ | फोक्सुण्डो ताल (प्राकृतिक) | शेफोक्सुण्डो ८, रिग्मो |
| ५ | केन्द्रीय गुम्बा (धार्मिक) | ठुलीभेरी ३, दुनै |

**अनुसुची १०**

**स्थानीय खाना, परिकार र पोशाक**

| वडा नं | स्थानीय खाना र परिकार | जातजातीहरु | पोशाक | लगाउने लिङ्ग |
|---|---|---|---|---|
| १ | ● भात : चिनु , धान , मकैको छोया बाट बनेको<br>● ढिंडो : फापर, कोदो, मकैको पिठोबाट बनेको<br>● रोटी : मकै, जौ , कोदो, आटाको पिठोबाट बनेको<br>● सिस्नु रोटी<br>● उसेनेको आलु<br>● पकाएको फर्सी<br>● मसुरो दालको तरकारी<br>● खीर<br>● बटुक (मासको पिठोबाट बनेको रोटी)<br>● पिडालु<br>● थुप्का ( मकै र कोदोको पिठोबाट बनेको झोलरस)<br>● गेरा<br>● लगर , ढेसु | ब्राह्मण, क्षेत्री<br>मगर , नेवार | ● दौरा सुरुवाल<br>● गुनिउ चोली<br>● पेन्ट सर्ट<br>● कुर्तासुरुवाल<br>● साडी<br>● बोको | पुरुष<br>महिला<br>पुरुष<br>महिला<br>महिला<br>पुरुष |

**पाठ्यक्रम निर्माणमा संलग्न प्रधानाध्यापकहरु/शिक्षकहरु**

१. आनन्द रोकाया, भानुभक्त आधारभूत बिदालय, थाला
२. शोभा रोकाया, चतुर्भुज आधारभूत विद्यालय, खालदारा
३. पदमा बुढा, महादेव आधारभूत विद्यालय, लोचा
४. हिमालय शाही, मन्मा आधारभूत विदालय, कुम्लि
५. धन बहादुर बुढा, सुन्दह आधारभूत विद्यालय, कर्प
६. बिष्णुलाल बुढा, ध्रुवतारा आधारभुत विद्यालय, उपल्लो दुनै
७. अम्बिका हमाल, वालमन्दिर आधारभूत विदालय, दुनै
८. दिनेश भट्ट, सरस्वती माध्यमिक बिद्यलय विद्यालय, दुनै
९. इन्द्र बहादुर कठायत, बाबिरो आधारभूत विद्यालय, मोतिपुर
१०. टेक बहादुर डाँगी, गौरी आधारभूत विद्यालय, डाँगीबाडा
११. पवन डाँगी, बिडिथान आधारभूत विदालय, जुफाल,
१२. रेशम बहादुर शाही, मन्मा आधारभूत विदालय, जुफाल
१३. लिला मल्ल, आर्दश माध्यामिक विद्यालय, जुफाल
१४. भक्त बहादुर अधिकारी, महादेव आधारभूत विदालय, हुँ
१५. तारा कुमारी बुढा, सहिद सुकराज आधारभूत बिद्यालय, लाहारा
१६. भुपेन्द्र कुमार मल्ल, बिद्यामन्दिर माध्यामिक बिद्यालय, माझफाल
१७. ओमखर कार्की, हिमालय आधारभूत बिद्यालय, दुरगाउँ
१८. दिपक कुमार शाही, लक्ष्मि मा.वि., थरगाउँ
१९. चन्द्र बहादुर बुढा, देवी आधारभूत बिदालय, ताली
२०. चन्द्र डाँगी, कर्णाली आधारभूत बिदालय, परिला
२१. अनुप श्रेष्ठ, त्रिवेणी आधारभूत बिदालय, कागनी
२२. शेर बहादुर रावल, शुभकामना आधारभूत बिद्यालय, रह
२३. राज कुमार वि.क., भवानी आधारभूत विद्यालय, फुनलदुवा
२४.गिर्वाण बुढा, लालिगुँरास आधारभूत बिद्यालय, तिप्ला
२५. जयकृष्ण हमाल, मन्मा आधारभूत बिद्यालय, कुम्लि

टिप्पोट











# हाम्रो ठुलीभेरी : राम्रो ठुलीभेरी स्थानीय पाठ्यक्रम आधारभूत तह (कक्षा १–३)


ठुलीभेरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
जुफाल, डोल्पा